Visit **Dwarkadheeshvastu.com** For
**FREE** Vastu Consultancy, Music, Epics, Devotional Videos
Educational Books, Educational Videos, Wallpapers
****
All Music is also available in **CD** format. **CD Cover** can also be print with your Firm Name
****
We also provide this whole Music and Data in **PENDRIVE** and **EXTERNAL HARD DISK.**
Contact : Ankit Mishra ( +91-8010381364, dwarkadheeshvastu@gmail.com )

# MOHINI MANTRA-NEPALI

श्री गणेशाय नमः।

# मोहिनी - मन्त्र

अथवा

## वशीकरणादि विविध प्रयोग

खर्वम् स्थूलतनुं गजेन्द्रवदनं लम्बोदरं सुन्दरं
प्रस्पन्दं मधुगन्धमन्दमधुप - व्यालोलगण्डस्थलम् ।
दन्ताघातविदारितारिरुधिरैः सिन्दूर - शोभाकरं
वन्दे शैलसुतासुतं गणपतिं सिद्धिप्रदं कामदम् ।।

छन् जस्का वशमा तिनै भुवनका, मालीक ध्यौता पनि
गर्छन् हास विलास दिव्य वनमा, डाकेर जो गोपिनी ।
जस्को ध्यान गरेर घोर वनमा, बस्छन् तपस्वी मुनि
माँग्दै छू म सुबुद्धि शुद्ध मनले, देऊ मलाई भनी ।।

❁ ❁ ❁

यो घोर कलिकालमा मारण - मोहन - वशीकरण आदि प्रयोग पूर्वाचार्यहरूले गरेका छन् । त्यसमा पनि सुयोग्य गुरु नराखी कुनै पनि प्रयोग आफैँ जान्ने बनेर गर्दा उत्तम सफलताको साटो विफलता हात लाग्न सक्तछ । अतः योग्य

गुरु थापेर विधिपूर्वक गर्न सके अवश्य फल प्राप्त हुन्छ । यस विषयमा अनेक पुस्तकहरू छापिई बिक्री भइरहेका छन् तापनि यो एउटा अनौठो पुस्तक छ; यसको प्रयोग राम्ररी गर्न सके लाभ प्राप्त गर्न सकिन्छ ।

षट्कर्म-लग्न विचार :

सिंह र वृश्चिक लग्नमा स्तम्भन कार्य गर्नुपर्दछ । उच्चाटन र विद्वेषण कार्य तुला वा कर्कट लग्नमा गरे उत्तम रहनेछ । वशीकरण र शान्ति कर्म, पुष्टि वा मारण प्रयोग मेष, कन्या, धन लग्नमा अथवा मीन लग्नमा सर्वोत्तम रहनेछ ।

षट्कर्म-तत्त्वविचार :

जलतत्त्वको उदय भएको वेलामा शान्ति कर्म उत्तम र फलदाता मानिन्छ । अग्नितत्त्वको उदय भएको मौकामा वशीकरण वा मोहन प्रयोग गर्नुपर्दछ । अनि भूमितत्त्वको उदय भएको अवसरमा स्तम्भन प्रयोग गर्नू । आकाश तत्त्वको उदय भएको अवसरमा विद्वेषण र वायुतत्त्वको उदयमा उच्चाटनको प्रयोग गरे सफलता पाइन्छ । अनि

कुनै वैरी-भय अथवा अकस्मात् कुनै ठूलो भय र विपत्तिको शंका भएमा त्यसको प्रतिकार गर्न कुनै प्रकारको प्रयोग गर्नुपरेको छ भने त्यस वेला समय निर्धारण गर्ने आवश्यकता पर्दैन। आपत्तिको आशङ्का हुनासाथ त्यसको प्रयोग थालिहाल्नुपर्दछ ।

*आसन-विधि :*

जुन प्रयोग थाल्नु छ, त्यसै अनुसारको आसन-को चयन गर्नु आवश्यक छ । जस्तै-मारणमा र स्तम्भनमा विकटासन तथा वशीकरण र मोहनमा भद्रासन गरेर बस्नुपर्दछ । विद्वेषणमा कुक्कुटासन गरेर बस्नू, पुष्टि-कार्यमा पद्मासनमा बसे सिद्धि मिल्दछ, शान्ति कर्ममा स्वस्तिकासन गर्नुपर्दछ । वशीकरणमा भ्यागुतोको छालाको आसन उत्तम मानिन्छ, मृगचर्ममा बसेर आकर्षणको प्रयोग गर्नू, अथवा बाघको छालामा पद्मासनमा बसे पनि हुन्छ । अर्को ऊँटको छालामा बसेर उच्चा-टनको प्रयोग सिद्ध गर्नू, घोड़ा वा हात्तीको छालामा बसेर विद्वेषणको प्रयोग गरे सिद्धि प्राप्त हुन्छ ।

भैँसी वा राँगोको छालामा कुक्कुटासनको प्रयोग गर्नुपर्दछ । वियोग पार्नका लागि पनि हात्तीको छाला उपयुक्त कहिएको छ । कुशको आसन शान्ति-कर्मको लागि उत्तम मानिन्छ । फेरि अन्य कुनै पनि सिद्धिका लागि काठको पीढ्ा अनुपयुक्त र निष्फल भनिएको छ ।

*मन्त्र-प्रयोग विधि :*

मारण, मोहन, वशीकरण र उच्चाटन यी चार प्रकारका मन्त्र हुन्छन् । जुन मन्त्रको जस्तो प्रकृति हुन्छ, त्यसै अनुसार फल पनि दिन्छन् । उच्चाटन, मारण, बन्धन आदि प्रयोगहरूको सिद्धि प्राप्त गर्नका निम्ति 'हुं' शब्दको प्रयोग गर्नुपर्दछ । उच्चाटनमा 'फट्' शब्द जोरेर प्रयोग थाल्नू । दुष्ट ग्रह-निवारणमा 'हुं फट्' शब्द प्रयोग गरे उत्तम हुनेछ । बोधन, आयन र पुष्टि कर्ममा अनि देवकर्ममा 'स्वाहा' अथवा 'नमः' शब्द प्रयोग गरेर जप गरे राम्रो हुनेछ ।

*लिङ्ग निर्देश :*

स्त्रीलिङ्ग, पुंल्लिङ्ग र नपुंसक लिङ्ग-यी तीन

थरि मन्त्रहरूका लिङ्ग मानिन्छन् । जुन मन्त्रको अन्त्यमा 'नमः' छ, ती नपुंसकलिङ्गी मन्त्र कहिन्छन् । जसमा 'हुं फट्' भनिन्छ ती पुंल्लिङ्गी मन्त्र कहिन्छन् । शान्तिकर्म र मोहन कार्यमा अथवा वशीकरणमा पुंल्लिङ्गी अनि संकीर्ण वा क्षुद्र कार्यहरूमा स्त्रीलिङ्गी मन्त्र जप्नू । यी बाहेक अन्य प्रयोगमा नपुंसकलिङ्गी मन्त्र जपेर गरेको प्रयोग सिद्ध हुन्छ ।

मन्त्रका भेद :

आचर्यहरूले मन्त्रका तीन भेद बताएका छन्- वाचिक, उपांशु र मानस । जुन मन्त्र पढेको अन्य व्यक्तिले पनि सुन्न सक्तछ, त्यसलाई 'वाचिक' भन्दछन् । जुन मन्त्र पढ्दा ओठ मात्र हल्लेको देखिन्छ र बोलेको सुनिन्न, त्यसलाई 'उपांशु' भन्दछन् । जुन मन्त्रको उच्चारण गर्दा ओठ पनि हल्लिन्न, त्यसलाई 'मानस' जप भन्दछन् । अभिचार सिद्धिका लागि मन्त्र पढ्दा वाचिक प्रयोग गर्नुपर्दछ । पुष्टि तथा शान्ति कर्ममा उपांशु र मोक्ष प्राप्तिका लागि जपिने मन्त्र नै मानस कहिन्छ ।

**माला-विधान :**

हीरा, मोति वा स्फटिकका मालाले मोहन, वशीकरण सिद्धि गर्ने साधकले जप गर्नुपर्दछ । गजमुक्ताको मालाले उच्चाटन, विद्वेषणको प्रयोग गरे सिद्धि प्राप्त हुन्छ । कसैले पनि नमारेर स्वयं नै मरेको खर (गदहा) को दाँतको मालाले जपे उत्तम हुन्छ । धर्मार्थ-काम-मोक्ष प्राप्तिका लागि शंख, मणि, स्फटिक वा शुद्ध मुगाको मालाले जपे कार्यसिद्धि हुन्छ । इच्छित सिद्धिको निम्ति पद्माक्षको माला नै चाहिन्छ । रुद्राक्षको माला सर्वश्रेष्ठ र उत्तम मानिन्छ-समस्त कामनाहरू पूर्ण पार्नको निम्ति । यो आचार्यहरूको कथन हो ।

**माला उन्ने डोरीको विधान :**

कमल तन्तु (डोरा) बनाएर माला तयार पारी पुष्टि कर्ममा जप्नू । घोडाको पुच्छरको रौंमा उनेर आकर्षण र उच्चाटन प्रयोगको लागि माला जप्नुपर्दछ । मानिसको नसाको डोरा अथवा ऊनको डोरामा उनेको मालाले मारण र वशीकरण प्रयोग उत्तम हुन्छ । अरू रुद्राक्ष र बर्रो आदिको

माला रुओको डोरामा उनेर साधना गर्ने कुरा आचार्यहरूले भनेका छन् ।

*मालाका दानाको संख्या :*

स्फटिक र मुगा-मोति आदिका मालाको दाना-संख्या सत्ताईस अथवा बाउन्न भए उत्तम मानिन्छ । बर्रो आदिको दाना उनेको भए पन्ध्र राख्नू । रुद्राक्ष वा अन्य कुनै वस्तुको माला भए एक सय आठ नै राख्नुपर्दछ ।

*प्रयोगमा औँलाको विधान :*

शान्ति, पुष्टि, वशीकरण र स्तम्भनमा चोर औँला र बूढी औँलाले माला फिराउनू वा घुमाउनू । बूढी औँला र साहिँली औँलाले आकर्षण प्रयोग गर्दा माला घुमाउनू तथा उच्चाटन प्रयोगमा बूढी औँला र चोर औँलाले घुमाउनुपर्दछ । कान्छी र बूढी औँलाले मारण प्रयोगमा माला घुमाए सिद्धि प्राप्त हुन्छ । यो आचार्यहरूको कथन हो ।

*प्रयोगमा कलश-विधि :*

नवरत्न-सहित सुनको कलश शान्ति-कर्ममा थापे सिद्धि मिल्दछ । यदि सुवर्णको कलश

सुलभ छैन भने चाँदी वा तामाको भए पनि हुन्छ । फलामको कलश मारण प्रयोगमा थाप्नुपर्दछ । उन्माद (बौलट्टी) वा उच्चाटनमा शीशा (काँच) को कलश थापेर प्रयोग गर्न थाल्नू । माटोको सफा कलश वशीकरणमा थापेर प्रयोग आरम्भ गर्नू । माथि कहिएका कलशहरू खोजेझैं उपलब्ध भएन भने सबैभन्दा उत्तम तामाको कलश नै आचार्यहरूले बताएका छन् ।

*विभिन्न प्रयोगमा हवन-विधि :*

दूध, घिउ, तिल, चामल, जौ, डुम्री (उदुम्बर वा गूलर) तथा पीपलको सुकेको समिधाले शान्तिकर्ममा हवन गरे सिद्धि प्राप्त हुन्छ । बिल्वपत्र वा चमेलीको पुष्पले पुष्टिकर्मको प्रयोगमा हवन गर्नुपर्दछ । अथवा गाईको दूधमा पायस पकाएर हवन गरे पनि हुन्छ । दही, कमलगट्टा तथा तिलचामलमा घिउ हालेर लक्ष्मी प्राप्तिका लागि हवन गरे उत्तम हुन्छ । चिरौँजी र बिल्वफलले आकर्षण, वशीकरण, मोहन प्रयोगमा हवन गरे राम्रो हुनेछ । कागको प्वाँखले उच्चाटनमा हवन

गर्नू । धतुरोको बीजले मारणमा तथा विषयुक्त मानिसको रक्तले पनि स्तम्भन, मारण प्रयोगमा हवन गर्ने मत शास्त्रमा पाइन्छ ।

*हवनमा मुद्रा-विधि :*

देवता वा अन्यान्य भूत-प्रेतादि साधनमा पनि मुद्राहीन अथवा अशुद्ध मुद्राले दिइएको आहुति स्वीकार गर्दैनन् । अतः हवनमा मुद्राको उचित प्रयोग गर्नैपर्दछ । जो उल्टो बुद्धि भएको व्यक्ति मुद्राहीन अथवा जथाभावी मुद्राले हवन गर्दछन्, ती सिद्धिको साटो भ्रष्ट भएर आपत्तिमा पर्दछन् । मुद्रा जम्मा तीन थरिका मानिन्छन् - एक शूकरी मुद्रा, द्वितीय हंसी र तृतीय मृगी । हात खुम्च्याएर दिइने आहुतिलाई 'शूकरी' मुद्रा भन्दछन् । कान्छी औँला बाहेक अन्य तीन औँला अथवा बूढी औँलासहित जुन आहुति दिइन्छ, त्यसलाई 'हंसी' मुद्रा भन्दछन् । जुन चोर औँला र कान्छी औँलाको सहयोगले आहुति दिइन्छ, त्यसलाई 'मृगी' मुद्राको आहुति भन्दछन् । माथि कहिएका सबै विधि पूर्ण पारेर मात्र कुनै पनि प्रयोग आरम्भ गर्नू

अथवा योग्य गुरुको निर्देशनमा गरेको प्रयोग अवश्य सफल हुन्छ ।

*नियम :*

मन्त्र-तन्त्र आदिको विषयमा कुनै प्रनि प्रयोग गर्ने साधकले कुनै पनि प्रयोग वा तन्त्र-मन्त्रमा सिद्ध हुन्छ वा हुन्न भन्ने शंका वा अविश्वास गर्नु हुँदैन । अविश्वास गर्नाले प्रयोग बिग्रन्छ र उल्टो फल प्राप्त हुन सक्तछ । पापी वा भीरु व्यक्तिले उपरोक्त कुनै पनि प्रयोग गर्नु हुँदैन किनभने चञ्चल चित्त भएकोले त्यसको मतिभ्रम हुन गएर अनेक थरिका डरलाग्दा स्थिति देखापर्दछन् र प्रयोग असफल हुन्छ अनि साधक बौलाहा हुन पनि सम्भव छ ।

साधकले प्रयोग आरम्भ गर्नुभन्दा पहिले स्नान-संध्या र नित्यकर्म समाप्त पारी कुनै विघ्न नपर्ने एकान्त स्थानमा चित्त स्थिर राखी मन्त्रको जप आरम्भ गर्नुपर्दछ । फेरि जुन मन्त्र जप्ने अठोट गरेको छ, त्यसलाई केशर वा श्रीखण्डले भोजपत्रमा लेखेर कण्ठ पार्नू । साधकले आफ्नू

साधना पूर्ण नपारेसम्म प्रतिदिन एकछाक र हविष्य भोजन गर्नू । कुनै पनि खाट वा अग्लो स्थानमा नसुतेर भूमिमा शयन गर्नू । आफ्नू आचार-विचार शुद्ध राखेर ब्रह्मचर्य पालन गर्नू । आफूले थालेको साधना अरू कसैलाई पनि नसुनाउनू । योग्य गुरुको आज्ञा वा उपस्थितिमा षट्कर्मानुसार आफ्नू साधना पूर्ण पार्नका लागि पवित्र स्थानमा पद्मासन बाँधेर बस्नुपर्दछ । अनि कलश थापेर चन्दन, अक्षता, फूल, धूप, दीप, नैवेद्य, द्रव्य आदि राखेर दिव्य मूर्तिलाई मनमा आफ्नू सम्मुख उपस्थित भएको सम्झनू वा कल्पना गर्नू । त्यसपछि दीप-शिखा (बत्तीको बल्दो टुप्पामा) हेर्नू। सद्गुरुलाई आफ्नू ध्यानमा वा ललाटमा सम्झेर स्थिर चित्तले साधना आरम्भ गर्नुपर्दछ ।

माथि कहिएका कर्मानुसार अथवा शास्त्रोक्त नियमानुसार रात परिसकेपछि पुग-नपुग कुनै वस्तु ल्याउनु वा लैजानुपरे निर्वाङ्ग नाङ्गो भएर स्वयं हातमा लिई प्रस्थान गर्नू । अनि आउँदा-जाँदा पछाडि फर्केर हेर्नु हुँदैन । त्यसको कारण

के हो भने रात्रिको समयमा नाङ्गो जाँदा कुनै पनि बाधा आउन्न । फेरि नाङ्गै आउने जाने गर्दा भूत-प्रेतादिले पनि छेक्न-रोक्न सक्तैनन् । फेरि आउँदा जाँदा पछाडि फर्केर हेर्दा-जुन साधकका सिद्धिदाता हुन्, ती पछि-पछि रक्षा गर्दै आइरहेका हुन्छन्, ती साधकले पछाडि फर्केर हेर्नासाथ अलप भएर जान्छन् ।

एउटा अर्को सजिलो उपाय साधकहरूलाई यो छ-जहाँ अर्ध-रात्रिको समय लेखिएको छ, त्यो कार्य मध्याह्नमा गरे पनि हुन्छ । फेरि जहाँ नाङ्गो भएर गर्नू भन्ने लेखिएको छ, त्यहाँ नसिएको कुनै वस्त्र शरीरमा बेरेर लँगौटी मात्र खुला राखे पनि हुन्छ । मानिसको खप्पर भनेर लेखेको स्थानमा नरिवलको आधा भागले काम चलाए पनि हानि हुन सक्तैन । जहाँ चौबाटोमा बसेर साधना गर्नू भन्ने वर्णन गरिएको छ, त्यहाँ घरकै एकान्त कोठामा सफा पारी चारपाटे चौकी जस्तो बनाई त्यसैमा पूर्वदेखि पश्चिम एक रेखा र दक्षिण उत्तर अर्को रेखा तानेर त्यसैलाई चौबाटो मानी

साधना गरे पनि हुन्छ । फेरि जुन स्थानमा श्मशानमा बसेर साधना गर्नू भन्ने लेखिएको छ, त्यहाँ श्मशानको खरानी ल्याई साधना-स्थलमा चारैतिर छर्केर त्यसैमाथि उपरोक्त आसनमा बसेर साधना (जप) गरे अवश्य इच्छा पूर्ण हुन्छ । यसमा कुनै शङ्का छैन ।

❁ ❁ ❁

**वशीकरणे सुन्दरी मोहन मन्त्र :**

ॐ श्रीं ह्रीं क्लीं नमो कुरु सुभगे अमुकस्य ।
भीतं दह-दह, हन-हन, पच-पच स्वाहा ।।

माथि मन्त्रमा 'अमुकस्य' भनेको स्थानमा जसलाई मोहित वा वशमा गर्नु छ, उसकै नाम लिदै जप गर्दै जानू । यस मन्त्रको सिद्धिका लागि रवि र मंगलवार पारी उत्तरतिर फर्केर बरको बृक्षमन्नि ६० दिनसम्म मन्त्र सवा लाख जपिसक्दा सिद्ध हुन्छ । यो सिद्ध मन्त्र हो ।

**सर्वजन मोहन प्रयोग :**

ब्रह्मदण्डी-वचा-कुष्ट-चूर्ण ताम्बूलमध्यतः ।
दीयतेऽत्तुं रवौ वारे स वश्यो वर्तते सदा ।।

ब्रह्मदण्डी, बच र कूट यी सबैको चूर्ण रविवार पारेर जसलाई खान दियो त्यो खाने व्यक्ति एक दिनमै मोहित हुन्छ र वशमा पर्दछ ।

### अर्को प्रयोग :

गृहीत्वा वटमूलं च जलेन सह घर्षयेत् ।
विभूत्या संयुतं भाले तिलकं मोहयेत् सदा ।।

बरको जरो ल्याएर शुद्ध जलमा घोट्नू र त्यसमा भस्म मिलाई निधारमा टीका लगायो भने अनेक स्त्री-पुरुषलाई मात लागे झैँ भएर मोहित पार्दछ र वश पर्दछन् ।

### वशीकरण प्रयोग :

पुष्ये पुनर्नवामूले करे सममभिमन्त्रितम् ।
बध्वा सर्वत्र पूज्यन्ते सर्वलोकवशं करम् ।।

पुष्य नक्षत्रमा पुनर्नवाको जरो एक दिन पहिले निम्ता दिएर ल्याउनू र अभिमन्त्रित गरी दाहिने हातको पाखुरामा बाँध्नाले सबै स्थानमा पूज्य हुनेछ र सबै मोहित भएर त्यस व्यक्तिको वशमा पर्नेछन् ।

### अर्को प्रयोग :

कपिला-दुग्धसंयुक्तं पिष्ट्वाऽपामार्गमूलकम् ।
ललाटे तिलकं कुर्यात् वशी भूयात् जगत्त्रयम् ।।

अपामार्गको जरो कपिला (कैली) गाईको दूधमा घोटेर ललाटमा टीका लगायो भने जस-जसको सामुन्ने जान्छ, ती सबै मोहित भएर वशमा पर्दछन् ।

### अर्को प्रयोग :

गृहीत्वा सहदेयीं च छाया-शुष्कां तु कारयेत् ।
ताम्बूलेनाऽत्ति यश्चूर्णं स वश्यो भवति ध्रुवम् ।।

सहदेयीको जरा र पातलाई छायामा सुकाएर चूर्ण तुल्याई जसलाई वश गर्नु छ, उसैलाई पानमा हालेर त्यही चूर्ण खान दिए नर-नारी जो भए पनि मोहित भएर वशमा पर्छन् ।

*अर्को प्रयोग :*

| |
|---|
| गोरोचना-सहदेयीभ्यां तिलकं लोकवश्यकृत् । |
| गृहीत्वौदुम्बरं मूलं ललाटे तिलकं न्यसेत् ।। |
| प्रियो भवति सर्वेषां दृष्टमात्रे न संशयः । |
| ताम्बूलेन प्रदातव्यं सर्वलोकवशं करम् ।। |

गोरोचन र सहदेयीको जरो पिसेर तिलक लगाए सबै जना मोहित वा वशमा पर्दछन् । उदुम्बर(डुम्री)को जरो रवि-मंगल पारेर ल्याई चन्दन झैं घोटेर तिलक लगायो भने केवल त्यसको दर्शन मात्र गरेर निःसन्देह सबैको त्यो प्रियपात्र बन्दछ ।

*अर्को प्रयोग :*

| |
|---|
| सिद्धार्थ-देहबल्योश्च गुटिकां कारयेद् ध्रुवम् । |
| मुखे निक्षिप्य भाषन्तु सर्वलोकविमोहितुम् ।। |

पहेँलो सरस्यूँ र देहबली ल्याई दुवैको चूर्ण तुल्याई गाईको दूधमा मिलाएर गोली बनाई छायामा सुकाउनू र त्यो एक गोली मुखमा राखेर सम्भाषण (कुराकानी) गर्‍यो भने स्त्री-पुरुष सबै वशीभूत वा मोहित हुन्छन् ।

*सिद्ध मोहिनी मन्त्र :*

| |
|---|
| ॐनमो भगवते कामदेवाय यस्य यस्य हृदयं भवामि । |
| यश्च यश्च मम मुखं पश्यति तं तं मोहयतु स्वाहा ।। |

यो सिद्ध मन्त्र हो । पहिले यसलाई पद्मासनमा बसेर दश हजार तीन दिनमा जपी सिद्ध पार्नू । अनि मैनसिल र कपूरलाई केराको थाम निचोरेर झिकेको रसमा पिँधी चन्दन झैँ टीका लगाए सारा नर-नारी मोहित हुनेछन् । फेरि बेलको पात ल्याएर छायामा सुकाई कैली गाईको दूधमा पिँधेर एक्काईसपल्ट उपरोक्त मन्त्र पढी त्यसको तिलक लगाएर जसको सामुन्ने जाला, त्यो एक-क्षणमै मोहित भएर वशमा पर्नेछ ।

*अर्को प्रयोग र मन्त्र :*

| |
|---|
| ॐ उड्डामरेश्वराय सर्वजगन्मोहनाय । अं, आं, इं, ईं, उं, ऊं, ऋं, लृं, एं, ऐं स्वाहा ।। |

उपरोक्त मन्त्रलाई बर वा पीपलको बृक्षमनि पद्मासनमा बसेर एक सातामा एक लाख जपेर सिद्ध पार्नुपर्दछ । अनि यो सिद्ध मन्त्र पढ्दै सहदेयीको रसमा तुलसीको बीज पिँधेर रवि मंगलवारका दिन एक्काईस पटक मन्त्र पढी तिलक लगायो भने सारा जगत् नै मोहित हुन्छ । फेरि त्यही वस्तु कुंकुम, गोरोचन, सिन्दूर तथा अमलाको रसमा घोटेर तिलक लगायो भने जसले त्यो टीका देख्तछ, त्यो नर-नारी जो भए पनि मोहित हुन्छ र वशमा पर्दछ ।

*अर्को प्रयोग :*

अश्वगन्धा र हरताल लिई केराको थामको रसमा पिँधेर गोरोचन मिलाई एक्काईस पटक उक्त मन्त्र पढेर निधारमा तिलक लगाउनाले राजा वा राजवंश समेत मोहित हुन्छ ।

*अर्को प्रयोग :*

कुटकीको जरा, सेतो अर्क (आँक) को बीज र नागरमोथे-यी चारै वस्तु मिलाई आफ्नू कान्छी औँलाको रगतमा मुछेर निधारमा

उपरोक्त मन्त्र एक्काईसपल्ट पढ्दै तिलक लगाई जुन मनपरेकी कामिनी छ, त्यसको अगाडि ठिंग उभिनू, त्यो कामिनी मोहित हुनेछ ।

*अर्को प्रयोग :*

अष्टमी तिथि र रवि मंगलवार पारेर हाडे बदामको पाँचै अंग (हाँगा, पात, फल, फूल, बीज) र एक ग्राम चिरमिट (अपामार्गको बीज) पिँधी बीच निधारमा त्यसैको तिलक उपरोक्त मन्त्र एक्काईसपल्ट पढ्दै लगाएर निस्कनू । त्यो तिलक नर-नारी वा साना-ठूला जसले देखे पनि मोहित हुन्छन् । यसमा शंका छैन ।

*अरु प्रयोग :*

सेतो गुञ्जा (रातीगेडी)को रसमा ब्रह्मदण्डीको जरो घोटेर एक्काईसपल्ट उक्त मन्त्र पढ्दै शरीरमा लेप गरे त्यो देख्नासाथ सम्पूर्ण जगतै वशमा पर्दछ वा मोहित हुन्छ ।

**कुंकुमं नागरं कुष्ठं हरितालं मनःशिला ।**
**अनामिकायाः रक्तेन तिलकं सर्ववश्यकृत् ।।**

केशर, मोथे, कूट, हरिताल र मैनसिल पिँधेर चूर्ण बनाउनू, अनि साहिँली औँलाको रगतमा मुछेर त्यसैको तिलक निधारमा उक्त मन्त्र एक्काईसपल्ट पढ्दै लगाए इच्छित कामिनी वा अन्यान्य व्यक्ति पनि मोहित हुन्छन् ।

**गोरोचनं पद्मपत्रं प्रियंगुं रक्तचन्दनम् ।**
**एषां तु तिलकं भाले सर्वलोकवशं करम् ।।**

गोरोचन, कमलको पात, प्रियंगु (कागुनो) र रक्तचन्दन यी सबै वस्तु खलमा धूलो पारेर कान्छी औँलाको रगतले मुछी निधारमा उक्त मन्त्र एक्काईपटक पढ्दै तिलक लगाएर जसको सामु उभिन्छ, नर-नारी वा कामिनी जो भए पनि मोहित हुनेछन् ।

**श्वेतार्कं च गृहीत्वा तं छायाशुष्कं तु कारयेत् ।**
**कपिला-पयसा सार्धं सुन्दरीमाशु मोहयेत् ।।**

सेतो घुँघुची (रातीगेडी) ल्याएर चूर्ण बनाई छायामा सुकाउनू अनि रवि-मंगलवार कपिला गाईको दूधमा मुछेर उक्त मन्त्रले एक्काईसपटक फुकी ललाटमा तिलक (टीका) लगाउनाले इच्छित व्यक्ति अवश्य वशमा पर्नेछ ।

**श्वेतदूर्वां गृहीत्वा तु कपिलादुग्ध-मिश्रितम् ।**
**लेपमात्रं शरीरे तु सर्वलोकवशं करम् ।।**

सेतो दूबो ल्याएर कपिला गाईको दूधमा बेसरी पिँधी उक्त मन्त्रले एक्काईसपटक फुकी निधार, पाखुरा र छातीमा लेप गर्नाले, त्यो रूप देख्नासाथ सबै वशमा पर्छन् र इच्छित सुन्दरी अवश्य मोहित हुनेछ ।

**बिल्वपत्रं तु संग्राह्य मातुलिङ्गं तथैव च ।**
**लेपमात्रं शरीरे तु सर्वलोकवशं करम् ।।**

बेलको पात सुकाएर काठे-जिमिर र बाख्रीको दूधमा बेसरी पिँधी उक्त मन्त्रले एक्काईसपल्ट मन्त्री फुकी ललाटमा तिलक लगायो र उपरोक्त मन्त्र मनमनै पढ्दै घरबाट निस्कियो भने त्यस व्यक्तिलाई देख्ने सुन्दरी र अन्य व्यक्ति पनि वशीभूत र मोहित हुन्छन् ।

**कुमारी-मूलमादाय विजयाबीज-संयुतम् ।**
**तिलकं क्रियते भाले सर्वलोकवशं करम् ।।**

घाबर (घिउकुमारी) को जरो ल्याएर भाँगको बीजसित मिलाई कपिला (कैली) गाईको दूधमा घोटेर उक्त मन्त्रले एक्काईसपल्ट मन्त्री मस्तक (निधार) मा त्यसको तिलक लगाई घरबाट निस्क्यो भने त्यस व्यक्तिलाई देख्ने व्यक्ति सबै वशमा पर्नेछन् ।

हरितालं अश्वगन्धा सिन्दूरं कदलीरसः ।
एषां तु तिलकं भाले सर्वलोकवशं करम् ।।

असगन्ध र हरिताल एवं सिन्दूर सबै वस्तुलाई केराको थाम निचोरेको रसमा बेसरी पिसेर माथि कहिएको उक्तमन्त्रले एक्काईस पल्ट मन्त्री निधारमा तिलक (टीका) लगाएर जो जसको सामुन्ने जान्छ त्यो नर-नारी जो भए पनि अवश्य मोहित हुन्छ वा वशमा पर्दछ ।

अपामार्गस्य बीजानि छागदुग्धेन पेष्टयेत् ।
भाले तु तिलकं कृत्वा कामिनीं मोहमाचरेत् ।।

अपामार्ग (चिरचिरी) को बीज बाख्रीको दूधमा घोटेर निधारमा उक्त मन्त्र एक्काईस पल्ट पढ्दै तिलक लगायो भने सबै व्यक्ति वशमा पर्दछन् तथा कामिनी मोहित हुन्छन् ।

ताम्बूलं तुलसीपत्रं कपिलादुग्ध-पेष्टितम् ।
कृत्वा तु तिलकं भाले सर्वलोकवशं करम् ।।

पान र तुलसीपत्र कपिला गाईको दूधमा घोटेर उपरोक्त मन्त्र एक्काईसपल्ट जपी निधारमा तिलक लगाएर घरबाट निस्कियो भने त्यसलाई देख्ने नर-नारी, विरोधी वा कामिनी जो भए पनि मोहित भएर वशमा पर्दछन् ।

रविवारे गृहीत्वा तु कृष्णाधत्तूर-पुष्पकम् ।
शाखां लतां गृहीत्वा ऽथ पत्रं मूलं तथैव च ।।
पिष्ट्वा कर्पूरयुक्तं च कुंकुमं रोचनं समम् ।
तिलकं स्त्रीं वशीकुर्यात् यदि साक्षादरून्धतीम् ।।

रवि-मंगलवार पारेर कालो धतूरोको हाँगा समेत फूल तथा जरो र बेलपत्र यी सबै वस्तु जम्मा पारेर खलमा बेसरी पिस्नू अनि त्यसमा एक ग्राम जति केशर मिसाएर तिलक अर्थात् चन्दन झैं तुल्याएर उक्त मन्त्रले एक्काईसपल्ट मन्त्री निधारमा लगायो र इच्छित कामिनीको अगाडि गयो भने त्यो स्त्री साक्षात् अरुन्धनी झैं सती भए पनि मोहित भएर वशमा पर्दछे ।

**काकजंघा तु तगरं कुंकुमं च मनःशिलाम् ।**
**चूर्णं क्षिपेत् तु शिरसि वशीकरणमद्भुतम् ।।**

काकजंघा, तगर, कुंकुम र मैनसिलको चूर्ण (धूलो) पारी एक्काईसपल्ट उक्त मन्त्रले फुकी मनपरेकी नायिकाको शिरमा छर्किदिए कामिनी मोहित हुन्छे । यो अद्भुत प्रयोग हो ।

**चिताभस्म वचा कुष्ठं रोचना कुंकुमं समम् ।**
**चूर्णम् स्त्री-शिरसि क्षिप्त्वा वशीकरणमुत्तमम् ।।**

चिताको भस्म, वच, कूट, केशर र गोरोचन-यी सबै वस्तु सम-भाग लिई चूर्ण तुल्याउनू, अनि उक्त मन्त्रले एक्काईसपल्ट मन्त्री त्यो चूर्ण आफ्नू मनपरेकी अथवा जुनसुकै स्त्रीको पनि शिरमा छरिदिए त्यो मोहित हुन्छे । यो अद्भुत वशीकरण प्रयोग हो ।

**ब्रह्मदण्डी चिताभस्म यस्या देहे क्षिपेन्नरः ।**
**वशीभवति सा नारी नाऽन्यथा इति भाषितम् ।।**

चिताको भस्म र ब्रह्मदण्डी मिलाएर चूर्ण तयार पार्नू र उक्त मन्त्रले एक्काईसपल्ट फुक। जुन स्त्रीलाई मोहित पार्नु छ अथवा आफ्नू वशमा ल्याउनु छ, त्यसको शरीरमा छर्किदिए अवश्य वशमा पर्दछे । यो शास्त्रको कथन मिथ्या हुन सक्तैन ।

कर-पाद-नखानां वै भस्म ताम्बूलपत्रके ।
रविवारे प्रदातव्यं वशीकरणमुत्तमम् ।।

हातका पाउका नङ पोलेर भस्म (खरानी) तुल्याउनू अनि रविवारको दिन उक्त मन्त्रले एक्काईसपल्ट मन्त्री पानमा अलिकति खरानी हालेर इच्छित कामिनीलाई खान दिए त्यो अवश्य मोहित हुन्छे अथवा वशमा पर्दछे ।

घूममांसं गृहीत्वा तु खाने पाने प्रदापयेत् ।
सिद्धयोगमिमं ज्ञेयं वशीकरणमद्भुतम् ।।

उल्लू पक्षीको मांस ल्याएर उक्त मन्त्रले एक्काईसपल्ट मन्त्री इच्छित कामिनीलाई खान वा झोल पिउन दिए त्यो सुन्दरी अवश्य वशमा आउँदछे । यो वशमा पार्ने वा मोहित तुल्याउने अद्भुत प्रयोग हो तापनि यसलाई आसुरी प्रयोग भन्दछन् ।

वामपादतलात् धूलं वनितायाः शनौ हरेत् ।
तस्य पुत्तलिकां कुर्यात् तस्याः केशान्नियोजयेत् ।।
नीलवस्त्रैर्वेष्टयित्वा स्ववीर्यं तु भगे क्षिपेत् ।
सिन्दूरेण समायुक्तं निखनेत् द्वारदेशके ।।
उल्लंघनात् वशं याति प्राणैरपि धनैरपि ।
कृतज्ञः स्ववशं कुर्यात् सुखं भुक्त्वा चिरं भुवि ।।

शनिवारको दिन इच्छित नायिकाको बायाँ पाउमुनिको धूलो ल्याएर त्यसमा पानी हाली मुछेर पुतली बनाउनू । अनि नायिकाको कपाल ल्याएर पुतलीको कपालमा लगाउनू । अनि पुतलीलाई नीलो वस्त्रमा बेरेर उक्त मन्त्रले एक्काईसपल्ट मन्त्री त्यसको कल्पित योनिमा आफ्नू वीर्य हाल्नू । अनि त्यसमाथि सिन्दूर

लगाएर नायिकाकै मूल ढोकामा राखिदिनू । त्यो स्थान नाघ्नासाथ त्यो कामिनी तन-मन-धनले वशमा पर्नेछ । अनि साधकले धेरै कालसम्म यही पृथ्वीमा त्यससित आनन्द भोग्न पाउनेछ । यो पनि आसुरी प्रयोग नै मानिन्छ ।

ताम्बूल-रसमध्ये च विष्ठाताल-मनःशिला ।
मंगले तिलकं कृत्वा वशीकुर्यात् सुकामिनीम् ।।
गोरोचनं पद्मपत्रं लिखित्वा तिलकं कुरु ।
शनिवारे कृते योगे वशीभवति निश्चितम् ।।

पानको रसमा तालमखाना र मैनसिल मिलाएर मंगलवारको दिन निधारमा तिलक लगाई इच्छित कामिनीका सामु गयो भने त्यो अवश्य वशमा आउँछे ।

*अर्को प्रयोग*- गोरोचनले कमलपत्रमा जुन सुन्दरीलाई मोहित पारेर वशमा पार्नु छ, उसैको नाम लेख्नू र त्यही लेखेको गोरोचनको तिलक शनिवारको दिन लगाएर उसको सामुन्ने गए वशीभूत हुन्छे। यी दुवै प्रयोगमा सिद्ध वस्तुलाई उक्त मन्त्रले एक्काईस-एक्काईसपल्ट मन्त्रिदै फुक्नुपर्छ ।

गृहीत्वा मालतीपुष्पं कृत्वा तु पटवर्तिकाम् ।
भृगुवारे नृ-कपाले एरण्डतैल-कज्जलम् ।।
अञ्जयेत् नेत्रयुगले दृष्टिमात्रे वशीभवेत् ।
विनामन्त्रेण सिद्धिः स्यान्नाऽन्यथा मम भाषितम् ।।

मालतीको फूल र रुआको बत्ती बनाई शुक्रवार राती मनुष्यको खप्पर लिएर एरण्डको तेलमा बत्ती बाली गाजल बनाउनू । अनि दुवै आँखामा त्यही गाजल लगाएर हेर्नासाथ इच्छित कामिनी वशमा पर्दछे वा मोहित हुन्छे । यो शास्त्रोक्त कथन असत्य हुन सक्तैन ।

**वशीकरण मन्त्र :**

| |
|---|
| **ॐ नमो कामाक्षा देवी अमुकीं वशमानय कुरु-कुरु स्वाहा ।** |

यो मन्त्र नवरात्र वा दीपावलीका दिन दश हजार जपेर सिद्ध पार्नू। अनि ब्रह्मदण्डी र चिताको भस्म (खरानी) एक सय आठपल्ट मन्त्र पढेर मन्त्री इच्छित कामिनीको अंगमा छरिदिए, त्यो तत्काल मोहित वा वशीभूत हुन्छे । अथवा-

रविवारको दिन कालो धतूरोको फूल, हाँगा, फल, पात र जरोमा कुंकुम, गोरोचन मिलाएर उक्त मन्त्रले एक्काईसपल्ट मन्त्री त्यसको तिलक लगाई अरुन्धती जस्तै पतिव्रता नारीको सम्मुख पनि गयो भने त्यो अवश्य वशमा पर्दछे ।

**अर्को मन्त्र :**

| |
|---|
| **ॐ नमो ह्रीं ह्रीं काली विकरालिनी ह्रीं ह्रीं फट् स्वाहा ।** |

श्मशानमा गएर शनिवारदेखि सात दिनसम्म नित्य १०८ यो मन्त्र जप्नू अनि विधिपूर्वक कालिकाको पूजा गर्नू र कालो धतूरोको वृक्षबाट पुष्य नक्षत्रमा फूल, हस्ता नक्षत्रमा हाँगा, मूल नक्षत्रमा फल, कृष्णपक्षको संक्रान्तिमा जरो उखेलेर ल्याउनू । अनि गोरोचनमा त्यो जरो पिसेर उक्त मन्त्रले एक्काईसपल्ट मन्त्री त्यसको तिलक लगाई जुन स्त्रीको सम्मुख जान्छ, त्यो स्वयं तिलोत्तमा भए पनि निश्चय अतिशीघ्र मोहित भएर वशमा पर्नेछ ।

*अर्को मन्त्र :*

**ॐनमो कामरूप देश कामाक्षा देवी जहाँ बसे इस्माइल चलती कटार बाँधे तू वावन वार पर-नारीसे राखे गीर मन पकरी वाके लावे सोवत से जगाय लावे, बैठीको उठाय लावे फुरो मन्त्र ईश्वरो वाचा ।**

जब रविवार दीपावली वा होलिका पर्दछ तब रात्रिमा नांगो भएर गै बायाँ हातले रातो एरण्ड एकै झड्कामा उखेलेर ल्याउनू र यो मन्त्र पढ्दै पोलेर भस्म बनाउनू । अनि १०८ पल्ट यो मन्त्र पढेर जुन कामिनीको शिरमा मन्त्री छर्किदियो त्यो अवश्य मोहित भएर वशमा पर्दछे ।

*वशीकरण पार्ने पानको मन्त्र :*

**ॐ पान-पान महापान ज्वले अमुकी के गुमान तले जाये तो राम टले माह तो श्मशान टले हमारा यह पान न लगे तो खुदा मुहम्मद एक दो तीन शनिवार संध्या बोहोनी के समय एक पुकार में पान फिर एक में सुपारी फिर एक में कत्था खरीद बीड़ा लगा तीन ।।**

यो मन्त्र पढेर त्यो पान जुन कामिनीलाई खान दियो त्यही मोहित भएर वशमा पर्दछे ।

*अर्को प्रयोग र मन्त्र :*

**ॐ नमो कामरूदेशी कामाख्या देवी जहाँ बसे इस्माइल योगी ने दिया पानका बीड़ा पहला बीड़ा आती, दूजा बीड़ा दिखावे छाती, तीजा अंग लपटाई अमुकी खाय चली आई दुहाई श्रीगोरखनाथ की ।**

दीपावलीको दिन १२१ पल्ट यो मन्त्र जपी सिद्ध पार्नू र तीनवटा पानको बीड़ा सातपल्ट यो मन्त्रले फुकी खान दियो भने त्यो कामिनी अवश्य मोहित भएर पछि-पछि आउनेछ ।

*मोहनी मन्त्र :*

**ॐ नमः शंखिनी अंजन मेरा नाम इस नगरी में पहुँच मोहुँ, सर्वग्राम मोहित करूँ, राजाप्रजा मोहूँ, पनिघट पनिहारी मोहुँ । जो कोई मार-मार करन को आवे उसे वीर नरसिंह बायाँ पद अगूठा से दवाय धरे तथा घेर-घेर लावे । गुरु की शक्ति मेरी भक्ति फुरो मन्त्र ईश्वरो वाचा ।**

रवि-मंगलवारको अर्ध-रात्रिमा नृसिंह भगवान्को पूजन गरी गुग्गुल, घिउ-चीनी, पान-सुपारी हाली १०८ पल्ट माथिको मन्त्र पढ्दै आहुति दिनू, अनि मन्त्र सिद्ध हुन्छ । अनि रूओमा अपामार्गको बीज बेह्रेर गाईको घिउमा बत्ती भिजाई त्यसैलाई बालेर गाजल थाप्नू । त्यही गाजल माथिको सिद्ध मन्त्र पढ्दै आँखामा लगाउनू । अनि घरबाट बाहिर निस्कनू । त्यो गाजल लाउने साधकमाथि जसको दृष्टि पर्दछ, त्यो अवश्य मोहित हुन्छ । यो सिद्ध प्रयोग हो ।

*अर्को प्रयोग र मन्त्र :*

**ॐ नमो अनरुठ अशवस्थानी महाराज ॐ हुं फट् स्वाहा ।**

लाटोकोसेरोको प्वाँखको कलम बनाई बोकाको रगतले एक सय आठ भोजपत्रमा लेखेर त्यो पत्र फेटामा राखी नर-नारी वा जसको अगाडि गएर ठिंग उभियो, त्यो अवश्य मोहित हुन्छ ।

*अर्को प्रयोग र मन्त्र :*

**ॐ यति वीर हनुमन्त यह जाय मरे घट पिण्डका कौन है शौर छत्ती मय वन पड़े जेही दस मोहुँ, मेरी शक्ति, गुरुकी भक्ति, फुरो मन्त्र ईश्वरो वाचा ।**

रविवारबाट आरम्भ गरेर शनिवारसम्म दिनहुँ एक्काईस-पटक यो मन्त्र शुद्ध भएर जप गर्नू । अनि पवन-पुत्र हनुमानको पञ्चोपचार वा षोडशोपचारले पूजा गर्नू । अनि चौबाटोमा गएर सातवटा स-साना ढुङ्गा ल्याई १२१ पल्ट यो मन्त्रले ढुङ्गा अभिमन्त्रित गरी गाउँ वा नगरको पानी लिने स्थान कुवा या इनारमा हालिदिनू । त्यो कुवाको पानी पिउने जति सबै नर-नारी अवश्य मोहित हुन्छन् ।

*अर्को प्रयोग :*

दीपावली, नवरात्रको महाष्टमी वा अमावस्या, रवि-मंगलवार पारेर सेतो तिलको उल्टो धानीले तेल निकाल्न लगाई तलको मन्त्र उक्त रीतिले सिद्ध पारी २१ पल्ट पढ्दै निधारमा त्यही तेलको तिलक लगाई निस्कियो भने सारा नर-नारी जीव मोहित हुन्छन् ।

मन्त्र :

ॐ इस तेल से राजा-प्रजा पाऊँ मेल तलाक पागी ममकौवा लगाय हाथ खड्ग सोहे गले फूलों की माला, जानी विजाने गोरखनाथ जाने मेरी गति को कहे न कोई हाथ पछानो मुख धोओं सुमिरौं निरंजन देव हनुमन्त यति हमारी पति राखे मोहनी दोहनी दोनों बहन आओ मोहनी रावल चले मुख बोले तो जिह्वा मोहुँ, आशा मोहुँ, पाश मोहुँ सब संसार मोहुँ निसरू बन्दी देह ललाट शब्द साँचो गुरुकी भक्ति मेरी शक्ति फुरो मन्त्र ईश्वरो वाचा ।

कामिनी-मोहन-अर्को मन्त्र :

रवि-मंगलवारदेखि एक सातासम्म प्रतिदिन तल लेखिएको मन्त्र १०८ जप्ने गर्नू । अन्तिम दिन पञ्चोपचारले पूजा गरेर सिद्ध पारेपछि मनपरेकी कामिनीको पैताला-मुनिको धूलो लिएर सात-पल्ट तलको मन्त्र पढी त्यही कामिनीको शिरमा छर्किदिए मोहित भएर पछि-पछि आउँछे ।

मन्त्र :

ॐअल्लाह बीच हथेलीके मुहम्मद बीच कपार, जिसका नाम मोहिनी संसार मोहे । जगत मोह करे जो मोर मार उसे मेरे बायें पोतवार डार । जो नमाने मुहम्मद पैगम्बरकी आन उस पर मुहम्मद मेरा रसूलिल्लाह ।

## मिष्टान्न-मोहन मन्त्र :

रविवार अथवा मंगलवारदेखि आरम्भ गरेर तीन सातासम्म प्रतिदिन १२१ पल्ट तल लेखिएको मन्त्र पढ्दै गुग्गुलको हवन गरेर सिद्ध पारेको तलको मन्त्रले एक्काईसपल्ट अभिमंत्रित गरेको मिठाई जसलाई खान दियो त्यो नर-नारी जो भए पनि अवश्य मोहित हुनेछ । यो सिद्ध प्रयोग हो । मन्त्र :-

**ॐ नमो कामाख्या देवीको आदेश जल मोहुँ जंगलकी हरिणी मोहुँ राह चलन्ता राही मोहुँ महल में बैठा राजा मोहुँ पलंगमें बैठी रानी मोहुँ हे मोहिनी ! तेरा नाम मोहुँ संसार तारा तरीला तोतला तीनों बसे कपार सिर चढ़े मातु शत्रु बेहाल करूँ गीत के मोहिनी देवी की दुहाई फिरे ।**

## तैल-मोहन मन्त्र :

तल लेखिएको मन्त्र अमावास्या वा नवरात्रको अष्टमी-नवमीको रातमा एक हजार जपेर सिद्ध पार्नू र त्यही सिद्ध मन्त्र एक्काईस-पटक पढेर तेल मन्त्री त्यही तेलको टीको लगाई सभामा गए पूरा सभा मोहित हुन्छ । अनि जसलाई मोहित पार्नु छ त्यस कामिनीको शरीरमा सातपल्ट निम्नमन्त्र पढी त्यो तेल छर्किदियो भने तुरुन्त मोहित भएर पछि-पछि आउनेछ ।

## मन्त्र :

**ॐ नमो मनमोहिनी रानी सिंहासन में बैठी मोह रही सारा दरबार मेरी भक्ति गुरुकी शक्ति गौरा पार्वती हनुमन्तकी आन नहीं तो लोना चमारिनकी आन सत्य होय ।**

**ल्वाङ मोहिनी मन्त्र :**

रवि वा मंगलवार आरम्भ गरेर तलको मन्त्र २१ दिनसम्म प्रतिदिन १०८ पल्ट मन्त्र पढेर देवीको पूजा गर्नू । अनि चारवटा ल्वाङ सातपल्ट तलको मन्त्रले अभिमंत्रित गरी जसलाई खान दियो, त्यो तन-मनले मोहित हुनेछ । यसमा नर-नारी वा इच्छित कामिनी भन्ने प्रश्न छैन ।

**मन्त्र :**

ॐ नमो आदेश गुरुका लौंग-लौंग तू मेरा भाई तुम्हारी शक्ति चलाई पहिली लौंग राती बाती, दूजी लौंग जोबन भाती, तीजी लौंग अंग में राखे, चौथी लौंग दुइ कर जोड़े, चारो लौंग जो मेरी खाल अमुक (इच्छित कामिनी) झट मेरे पास चली आवे । आदेश देवी कामरूप कामाख्या की दुहाई फिरे । गुरु की शक्ति मेरी भक्ति फुरो मन्त्र ईश्वरो वाचा ।

**सुपारी मोहिनी मन्त्र :**

औँसीको दिन तलको मन्त्र एक हजार जपेर सिद्ध पार्नू, अनि १०८ पल्ट यस मन्त्रले अभिमन्त्रित गरी दक्षिणी सुपारी जसलाई ख्वायो त्यो अवश्य मोहित हुनेछ । इच्छित सुन्दरीलाई खान दिए पछि लागेर आउँदछे ।

**मन्त्र :**

ॐ नमो देव-देवेश्वर महारथे ठं ठं स्वाहा ।

**पुष्प मोहिनी मन्त्र :**

कुनै पनि औँसी या रविवार वा मंगलवारदेखि आरम्भ गरी तलको मन्त्र एक्काईस दिनसम्म प्रतिदिन धूप-दीप, नैवेद्य, पान, फूल एकत्र पारी सुगन्धित पुष्पलाई गाईको घिउमा मिसाएर प्रतिदिन १०८ हवन गरी सिद्ध पार्नू र त्यही सुगन्धित पुष्प सातपल्ट तल लेखिएको मन्त्र जपेर त्यो पुष्प इच्छित सुन्दरीलाई सुँघ्न दिनू, जसले सुँघ्दछ त्यो अवश्य मोहित हुन्छे ।

**मन्त्र :**

ॐ नमो कामरूप कामाख्या देवी जह बसे इस्माइल योगी, योगी ने लगाई फूलबारी, फूल तोढ़े लोना चमारिन । एक फूल हँसे, दूजा फूल मुसुकाय, तीजे फूल में नरसिंह आय जो सूँघे इस फूलकी सुगन्ध वह चलिआवे हमारे पास दुश्मनको जाई लिया फटे मेरी भक्ति गुरुकी शक्ति फुरो मन्त्र ईश्वरो वाचा ।

**मोहिनी धूली मन्त्र :**

ॐ नमो आदेश गुरुकी धूली धूल विकट चाँदनी पर मारू धूली फिर दीवाना महल तज घर-द्वार तजे ठाठ पति तजे दूबी दिवनौ एक सठी बल बात तू नरसिंह वह अमुकी को उठाय भेजौं फुरो मन्त्र ईश्वरो वाचा ।

शनिवार वा मंगलवार मरेकी स्त्रीको श्मशानबाट खुट्टातिरको खरानी ल्याएर चौबाटोको धुलो लिई सातपल्ट माथिको मन्त्र पढ्दै जसलाई त्यो धुलो लगाइदियो त्यो नर नारी वा सुन्दरी कामिनी भए पनि तुरुन्त मोहित हुनेछ ।

*अर्को मन्त्र :*

**ॐ धूल धूल तू धूलकी रानी जगमोहन सुन मेरी बानी । जलसे धुला आन पढूँ तब पार्वती वरदान, धूल पढ़ि दूँ अमुकी (कामिनी) अंग जो बढ़ती आती उमंग उसका मन लावे गिराकर हमारी आवश्यकता करे स्वीकार । गुरुकी शक्ति मेरी भक्ति फुरो मन्त्र ईश्वरो वाचा ।**

यस मन्त्रलाई औँसी, दीपावली, नवरात्र वा होलीको रातमा एक हजार र पल्ट जपी सिद्ध पारी १०८ मन्त्र पढेर जुन कामिनीको पैतालाको धूलो उसका शिरमा छर्किदिइन्छ, त्यो अवश्य मोहित भएर वशमा पर्दछे ।

*अर्को मन्त्र :*

**ॐ नमो धूलीश्वर माता परमेश्वरी चचतींजान इनारन चोप भरे छार छारते में हटै देदो घर मरे तो श्मशान लौट जावे तो पाँव लोहे वचन बाँधी अमुकी जो धाई लाय मातु धुलेश्वरी फुरो मन्त्र ईश्वरो वाचा ठः ठः स्वाहा ।**

प्रथम सात शनिवारसम्म प्रतिशनिवार उपरोक्त मन्त्र १०८ को दरले जप गर्नू । अनि अन्तिम शनिवार जप गरेर रविवारको दिन

कुनै सुन्दरी नारी मरी भने त्यसको तीन चुट्की खरानी ल्याएर चौबाटोको माटो मिसाई जसको शरीरमा छर्किदियो त्यो पछि लागेर आउँछे । यो प्रयोग पहिले भैंसीमा गरेर हेरे थाहा हुनेछ ।

**मोहिनी सरस्यूँ मन्त्र :**

**ॐ नमो आदेश कामरू कामाख्या देवी चल रे सरसों कामरू जाई जहाँ बैठी बुढिया छुतारी पाई भूजूँ सरसों उसके खप्पर कर रे सरसों बढ़कर अमुकी कर्म करे धड़-धड़ कर मेरी शक्ति हाड़ी दासी तेरी चण्डीकी दुहाई ।**

पहिले यो मन्त्र उक्त रीतले एक एक हजार जपेर सिद्ध पार्नु, अनि मध्याह्नको समयमा एक सय आठ यो सिद्ध मन्त्र पढेर खयर (कत्था) को काठ आगोमा हालिदिए इच्छित कामिनी मोहित र विकल भएर वशमा आउनेछ ।

**महामोहन मन्त्र :**

**ॐ ईं अं रीं वृं घ्राल कामिनी काल कृत तजे ठाट भरतार तजे दूबी दिवनौ एक सठी बल बात तू नरसिंह वो अमुकी को उठाय लाये फुरो मन्त्र ईश्वरो वाचा ।**

शनिवारको दिन जुन स्त्री मर्दछे त्यसको खुट्टातिरको अँगार श्मशानबाट ल्याएर चौबाटोको धूलो लिई तलको तरीकाले सिद्ध पारिसकेको मन्त्र सातपल्ट पढेर जसलाई तिलक लगाइदियो त्यो तत्काल मोहित भएर पछि लाग्नेछ ।

**अर्को प्रयोग :**

> **ॐ धूल-धूल तूँ धूलकी रानी जग मग मोहन सुन मेरी बाणी । जलसे धुला आन पढ़ूँ तब पार्वती वरदान, धूल पढ़ि दूँ अमुकी अंग जो जलती उमंग उसका मन लावे गिराकर हमारी आवश्यकता करे स्वीकार ।**

दीपावली या होलीको दिन एक सय आठ मन्त्र जपेर सिद्ध पार्नू । अनि रविवारको दिन जुन कामिनीको बायाँ पाउको तल परेको पैतालाको धूलो लिएर तीनपल्ट मन्त्र पढी त्यसकै शरीरमा छर्किदिए त्यो अवश्य मोहित भएर स्वीकार गर्नेछ ।

**अर्को प्रयोग :**

> **ॐ ईं अं रीं वृं ग्राल कामिनी काल कृत ह्रीं ह्रीं ह्रीं ह्रीं ह्रीं ह्रीं ह्रीं क्लीं ठः ठः स्वाहा ।**

दीपावली वा होलीको दिनमा मध्याह्न समयमा चंचिका पक्षीलाई मारेर त्यसको चुचोमा चामल भरी तलाउको किनारमा गाडेर आउनू । अनि बिहानै गएर उखेलेर ल्याई तीनपल्ट यो मन्त्र पढेर त्यो चामल जुन कामिनीलाई खान दियो त्यो तत्काल मोहित भएर वशमा पर्नेछ ।

# आकर्षण प्रयोग

१. माघ महीना बुधवार अष्टमी तिथि स्वाती नक्षत्रमा सायंकालमा आँपको वृक्षलाई निम्ता दिएर आउनू । बिहान गएर फूल (मंजरी) टिपेर ल्याउनू । त्यो जुन कामिनीको शिरमा छरिदिइन्छ, त्यो आकर्षित भएर वशमा पर्दछे ।

२. पुष्य नक्षत्रमा धोबीको खुट्टामुनिको धूलो ल्याएर रविवारको दिन जुन युवतिको शरीरमा छरिदिइन्छ, त्यो अवश्य आकर्षित भएर आउँछे ।

३. कृष्णापक्षको पुष्य नक्षत्रमा श्मशानमा बत्ती बालेर एक मूठी चिताको खरानी ल्याई मयूरको विष्ठा, हरिताल र सुहागा मिसाई जुन मानिनीको शिरमा छरिदिइन्छ, त्यो आकर्षित भएर प्रीतिको राम्रो निर्वाह गर्नेछ ।

पुरुष वशीकरण मन्त्र :

**ॐ द्राविणी स्वाहा । ॐ हांमिले स्वाहा ।**

*प्रयोग*- रवि-मंगलवार र अमावास्या पारेर एक हजार जप गरी मन्त्र सिद्ध पार्नु । अनि गुरुवार योनिरक्त, सिन्दूर र केराको थाम निचोरेको झोलमा मिलाएर सातपल्ट मन्त्र पढी तिलक लगाएर पतिको सामुन्ने उभियो भने पत्नीलाई पतिले आफ्नू प्राण समान प्रिय मान्नेछ ।

*अर्को प्रयोग*- उपरोक्त सिद्ध मन्त्र पढेर गोरोचन, योनिरक्त र केराको थाम निचोरेर झिकेको रसमा मिलाई तिलक लगाएर पतिको सम्मुख उभिई भने पति कस्तै रिसाएको भए पनि तत्काल वशमा पर्नेछ ।

*अर्को प्रयोग*- अनारको फल, फूल, पात, हाँगा र जरो ल्याई सेतो सरस्यूँसित घोटेर सिद्ध मन्त्र तीनपल्ट पढी रतिको समयमा लेप गरे पति अवश्य वशीभूत हुनेछ र सेवक झैं आज्ञा पालन गर्नेछ ।

पुरुष वशीकरण सिन्दूर मन्त्र :

**ॐ नमो आदेश गुरुका सिन्दूर थमिया सिन्दूर थमिया सिन्दूर नाम तेरी पति कामाख्या शिखर तेरी उत्पत्ति सिन्दूर पड़ी अमुकी लगावे बिन्दी हो वश अमुक होवे निर्बुद्धि । ॐ महादेवकी शक्ति गुरुकी भक्ति कामरू कामाख्या माईकी दुहाई । आदेश हाड़ी दासी चण्डीकी अमुक मन लाय निकार नहीं तो पिता महादेव वा पद जाय लगै ।**

*प्रयोग*- बुङ्गो कपालको सिन्दूर लिएर पतिले हेलाँ गरिएकी स्त्री शनिवारको दिन उपरोक्त मन्त्र पढेर निधारमा टीका लगाई पतिको सामुन्ने पुगी भने तत्काल त्यसको पति वशीभूत हुनेछ ।

*अर्को प्रयोग* - तोरीको तेलमा मालती-पुष्प कुहाई रति कालमा त्यही तेल योनिको वरिपरि लगाए कस्तै रिसाएको भए पनि पति वशमा परेर आज्ञा मात्र तयार हुनेछ ।

### अर्को प्रयोग :

रविवारको दिन परेवा मार्न लगाई उपरोक्त मन्त्र एक्काईस-पल्ट पढेर अलिकति मासु पानमा हालेर पतिलाई खान दिए त्यो वशीभूत वा मोहित भएर दास झैं आज्ञा पालन गर्नेछ ।

### अर्को प्रयोग :

सेतो सरस्यूँ, सेतो धतूरो, तुलसीको पात र अपामार्ग यी सबै वस्तु तिलको तेलमा मसिनो पारेर पिँधी रतिकालमा योनिमा लेप गर्नाले पुरुष तन-मन-धनले वशीभूत भएर बढी माया गर्न थाल्नेछ ।

### अन्य प्रयोग :

१. अनारको पञ्चाङ्ग (फल-फूल-हाँगा-पात र जरो) पिँधेर सेतो सरस्यूँमा मिलाई योनिमा लेप गरेर समागम गरे कस्तै दुर्भगा नारी भए पनि पतिलाई आफ्नू दास तुल्याउनेछ ।
२. चमेलीको फूल तोरीको तेलमा पकाएर जुन नारी त्यो तेल काममन्दिरमा लगाई रतिक्रिया गर्दछे, त्यसले पतिलाई मोहित तुल्याई आफ्नू वशमा पार्दछे ।
३. भरणी वा पुष्य नक्षत्रमा चम्पाको फूल ल्याएर दाहिने हातमा बाँध्यो भने त्यो स्त्री वा पुरुष परस्पर वशीभूत हुन्छन् । यो सिद्ध प्रयोग हो ।

# यक्षिणी साधन प्रयोग

*स्थान र समय :*

आषाढ पूर्णिमाको दिन नित्य-क्रिया सकी गुरु शुक्रको उदय कालमा साधकले यक्षिणी साधन गरे सफलता प्राप्त हुनेछ ।

श्रावणकृष्ण प्रतिपदादेखि चन्द्रमा बली भएको बेलामा साधना आरम्भ गरेर एक महीनाभरि निर्विघ्न अर्थात् विघ्न नपारीकन निर्जन स्थानमा बिल्ववृक्षको जरामा पञ्चोपचारले रुद्री पाठ सहित शिवजीको पूजा गरेर 'त्र्यम्बकं यजामहे०' यो वैदिक मन्त्र पाँच हजार जप गरोस् । अनि प्रतिदिन कुबेरको पनि पूजा गर्नुपर्दछ ।

*कुबेरको आराधना गर्ने मन्त्र-*

**यक्षराज नमस्तुभ्यं शंकर-प्रिय-बान्धव ।**
**एकां मे वशगां नित्यं यक्षिणीं कुरु ते नमः ।।**

हे यक्षराज ! हजुरलाई नमस्कर छ । हे शंकरका प्रिय बन्धु ! यौटी यक्षिणी नित्य मेरो वशमा पारिदेऊ । यति सकेर उपरोक्त कुबेर-मन्त्र एक सय आठ जप्नू, मौन रहेर ब्रह्मचर्य पालन गर्नू र नक्तभोजन गर्नू, हविष्य खानू ।

*यक्षिणी साधन मन्त्र :*

**ॐ द्वारदेवतायै ह्रीं स्वाहा ।**

*प्रयोग* - नित्यकर्म सकेर पवित्र भई नदी-तटमा बसेर यस मन्त्रको जप पचीस हजार प्रतिदिन एक महीनासम्म गर्नू र गुग्गुलको हवन गर्नाले देवी प्रसन्न भएर वशमा हुन्छिन् । त्यो हवनको खरानी जसको अंगमा छर्क्यो, त्यो वशीभूत हुन्छ । यो मन्त्रको जप हस्त नक्षत्रमा गरे उत्तम हुनेछ ।

### बन्धन-मुक्ति साधना :

यदि कोही कुनै बन्धनमा परेको छ वा मुद्दामा अल्झेको छ भने आफ्नू मुक्तिका लागि त्यसले सत्ताईस दिनसम्म माथि कहिएको मन्त्र दुई हजार जप जुनसुकै तिथिमा गरे पनि हुन्छ । अनि एक हजार मन्त्रले दूध र घिउको हवन अन्तिम दिन गरेर एउटी कन्यालाई खान दियो भने बन्ध-मोचन यक्षिणी प्रसन्न भएर दर्शन दिई कार्यसिद्धि गरिदिनेछन् ।

### अदृश्य-करण साधना मन्त्र :

**ॐ नमो अदृश्य करणी यक्षिणी स्वाहा ।**

*प्रयोग* - कृष्णपक्षको अमावास्यादेखि एक महीनासम्म यस मन्त्रको एक हजार जप प्रतिदिन गरोस् र अन्तिम दिन दुई हजार मन्त्रले घिउको हवन गर्नू । अनि होमको खरानी आफ्ना हत्केलामा दल्यो भने अदृश्य हुइनेछ अर्थात् आफूले सबैलाई देख्नेछ, उसलाई कसैले पनि देख्न सक्नेछैन । त्यो खरानी सफा पारिदिनासाथ पहिले जस्तै देखिन थाल्नेछ ।

### भोग-यक्षिणी साधन मन्त्र :

**ॐ नमो आगच्छ सुरसुन्दरी स्वाहा ।**

*प्रयोग*- स्नानादिले पवित्र भएर श्रावण महीनाको षष्ठी तिथिबाट आरम्भ गरेर दिनहुँ एक हजार जप गरेर साठी दिन पुऱ्याउनू । अनि अन्तिम दिन छः हजार मन्त्रले घिउको हवन र एक हजार मन्त्रले तर्पण र सय मन्त्रले मार्जन गर्नू । जूठो नखानू, केवल दूध भात खानू । जप पूर्ण भएपछि देवीको दर्शन मिल्दछ । अनि कष्ट निवारण र धनागम हुनेछ ।

### इच्छासिद्धि यक्षिणी साधना मन्त्र :

**ॐ ह्रीं ह्रीं नमः।**

*प्रयोग*- यस मन्त्रको एक महीनासम्म प्रतिदिन बीस हजार जप गर्नू र अन्तिम दिन गाईको दूधमा पायस पकाएर दुई हजार मन्त्रले हवन तथा एक हजार मन्त्रले तर्पण मार्जन गरोस् । भूमिशयन र पायसको भोजन गरे देवी खुशी भएर धेरै धन दिन्छिन् र भूतादि त्यसका वशमा हुन्छन् ।

**धनदायिनी यक्षिणी साधना मन्त्र :**

**ॐ ह्रीं ह्रीं ह्रूँ ह्रौं स्वाहा ।**

*प्रयोग*- यस मन्त्रको सवा लाख जप गर्नू र बाह्र सय मन्त्रले घिउ र पायसको हवन गरे धनदायिनी यक्षिणी वशमा हुनेछन् । यो जप सोमवारबाट आरम्भ गर्नू र पाँच हजार दिनहुँ जप्नुपर्दछ । शरीर शुद्ध राख्नु आवश्यक छ ।

**श्मशान-यक्षिणी साधना मन्त्र :**

**ॐ क्लीं भगवतीभ्यो नमः ।**

**अथवा**

**ॐ ह्रीं ह्रीं श्मशाने वारिणी श्मशाने स्वाहा ।**

*प्रयोग*- श्मशानमा गई नांगो भएर यस मन्त्रको पचास हजार जप गर्नू त श्मशान-यक्षिणी खुशी भएर वस्त्र दिनेछन् । त्यही लुगा लगाएर फेरि पचास हजार मन्त्र जप गर्नू अनि तीनवटा पात्रमा मदिरा (रक्सी) भरी पारेर आफ्नू नगीचै राख्नू र भोजन पनि रक्सीसित नै गर्नू । जप समाप्त भएपछि हात जोरेर यक्षिणीसित जे माँगे पनि दिन्छिन् । यो अपवित्र साधना हो । अतः सामान्य व्यक्तिले यो साधना गर्नु हुँदैन। किनभने यस साधनामा मदिराको प्रयोग गर्नुपर्दछ । अतः यसलाई गर्नु उचित छैन ।

**भोग-यक्षिणी साधना मन्त्र :**

| |
|---|
| ॐ जगत्त्रय मातृपद्मिनी स्वाहा । |

*प्रयोग*- यस मन्त्रलाई पचीस हजार जप गर्नाले र अढाई हजार अनेक प्रकारका मेवाहरूले हवन तथा दशांश तर्पण मार्जन गरेपछि यक्षिणीले दर्शन दिन्छिन् र जे माँगे पनि प्राप्त हुनेछ । शुद्ध पवित्र रहनू र ब्रह्मचर्य पालन गर्नू, एक छाक हविष्य खाएर भूमिमा शयन गर्नु आवश्यक छ ।

**विद्या-यक्षिणी साधना मन्त्र :**

| |
|---|
| ॐ ह्रीं वेदमातृभ्यः स्वाहा । |
| ॐ अष्ट महायक्षिणी नमः । |

*प्रयोग* - यस मन्त्रलाई सवा लाख जप गरेपछि बीस हजार मन्त्रले पञ्चमेवाको हवन गरेदेखि अष्ट महायक्षिणी प्रकट हुन्छिन् र इच्छित फल प्रदान गर्दछिन् । यो साधना शुक्लपक्षको पञ्चमी तिथिबाट आरम्भ गर्नुपर्दछ । नियम पालन चाहिँ माथि बाताए जस्तै गर्नुपर्दछ ।

**सिद्धि यक्षिणी साधना मन्त्र :**

| |
|---|
| ॐ नाना चरण पद्मावती स्वाहा । |

*प्रयोग* - यस मन्त्रलाई दश लाख जपेर घिउ, गुग्गुल र रेवती फूलको मिश्रण गरी एक लाख मन्त्र जपेर हवन गर्नू । जप गर्दा एउटा माटोको पात्रमा चामल भरी राख्नू । अनि यक्षिणी साधना पूर्ण भएर प्रकट हुन्छिन् र साधकको मनोकामना पूर्ण पार्दछिन् । यो साधना रेवती नक्षत्रमा आरम्भ गर्नुपर्दछ र पाँच हजार प्रतिदिन जप गर्नुपर्दछ। संयम नियममा एकछाक हविष्य खाई पवित्र रही भूमिशयन ब्रह्मचर्य पालन अवश्य गर्नू ।

**शत्रुनाशक यक्षिणी साधना मन्त्र :**

ॐ नमो सिद्धिविनायकाय सर्व कार्यकारक, सर्व अनुनाय, सर्व जग वशीकरणाय स्त्री-पुरुष सर्वजन वशीकरणाय श्री ॐ स्वाहा ।

*प्रयोग* - यो मन्त्र दश हजारपल्ट सोमवार आरम्भ गरेर एक्काईस दिन जप गरेपछि यक्षिणी प्रकट हुन्छिन् र साधकको इच्छानुसार उसका शत्रुको नाश गरिदिन्छिन् ।

**वशीकरण यक्षिणी साधना मन्त्र :**

ॐ नमो स्त्री-पुरुष वशीकरण श्रीं ह्लीं स्वाहा।

*प्रयोग* - यस मन्त्रको जप बहत्तर दिनमा बहत्तर हजार समाप्त पारेर बहत्तर सय मन्त्रले नरिवलको हवन गरेपछि साधना पूर्ण हुन्छ । यस हवनको खरानी निधारमा लगाएर जसको सामुन्ने उभिइन्छ त्यही स्त्री-पुरुष जो भए पनि वशीभूत हुन्छ । नियम पालन गर्ने विधि माथि कहिए जस्तै पालन गर्नू ।

**उत्तम फलदात्री यक्षिणी साधना मन्त्र :**

ॐ श्रीं काक कमल बर्बनि सर्वकार्य सर्वस्थान देहि देहि सर्व कुरु परिचर्य सर्वसिद्धि पादुकायां हं क्षं द्वादशा दायने सर्वप्रदाय स्वाहा ।

*प्रयोग*- संसारमा जति फल-फूल छन्, यी यक्षिणी सिद्ध भएपछि साधकलाई स्वयं ल्याइदिन्छिन् । अथवा कहीं केही चमत्कार देखाउनु छ भने आफूले भन्नुपर्दछ- 'लौ तिमीलाई कुन फल वा फूल चाहिन्छ भन, म ल्याइदिन्छु ।' प्रश्न कर्ताले 'मलाई अमुक फल चाहियो' भनेर साधकले यक्षिणीलाई आज्ञा दिए

तुरुन्त ल्याइदिन्छिन् । उनलाई वशमा पार्नको लागि उपरोक्त मन्त्र एक लाख जप गरेर दश हजार मन्त्रले चनाको हवन गर्दै मन्त्र जप्नुपर्दछ । अन्य नियम माथि बताइए जस्तै गर्नुपर्दछ ।

**मोहिनी यक्षिणी साधना मन्त्र :**

**ॐ नमो पिंगले चपले नाना पशु मोहिनी स्वाहा ।**

*प्रयोग*- सायंकालमा प्रतिदिन एक हजारको हिसाबले सवा लाख मन्त्र जप गर्नू । जप गर्दा नरिवल, सुपारी र केसर आदि वस्तु आफ्नू सम्मुख राखी गुग्गुलको धूप दिएर प्रार्थना गर्नू, अनि यक्षिणी खुशी भएर दर्शन दिन्छिन् । यो साधना मघा नक्षत्रबाट आरम्भ गरे छिटै सफल हुनेछ ।

**महेन्द्र यक्षिणी साधना मन्त्र :**

**ॐ महेन्द्र कुल-कुल स्वाहा ।**

*प्रयोग*- जब आकाशमा कालो-नीलो मेघ देखिन्छ, त्यसै बेलादेखि साधना आरम्भ गरेर निर्गुण्डी(सिमाली)को वृक्षमनि बसेर एक लाख जप गर्नुपर्दछ । जप समाप्त भएपछि दश हजार मन्त्रले घिउको हवन र एक हजार मन्त्रले तर्पण मार्जन गर्नू । यस साधनाले महेन्द्र यक्षिणी प्रसन्न भई पातालबाट अनेक प्रकारका सामग्रीहरू ल्याएर दिन्छिन् । जपकालमा नियम पालन गर्नु आवश्यक छ ।

**चन्द्रिका यक्षिणी साधना मन्त्र :**

**ॐ चन्द्रिका देव्यै स्वाहा ।**

*प्रयोग*- बरको वृक्षमनि बसेर बिहान सूर्योदयभन्दा पहिल्यै समाप्त गरेर त्यही स्थानमा गाईको घिउको एक हजार आहुति मन्त्र पढ्दै दिनू अनि यक्षिणी सिद्ध भएर माँगेको पदार्थ तत्काल दिन्छिन् । यो सिद्धि सबै प्रकारले पवित्र भएर साधना गर्ने साधकले नै प्राप्त गर्दछ, अन्यलाई मिल्न सक्तैन ।

मदन-मेखला यक्षिणी साधना मन्त्र :

**ॐ मदन-मेखले नमः स्वाहा ।**

*प्रयोग* - महुआको वृक्षमुनि बसेर एक लाख उपरोक्त मन्त्र जपेर चौथ दिनमा समाप्त पार्न सके मदन-मेखला यक्षिणी खुशी भएर आँखामा लगाउने एउटा सुर्मा (आँजन) दिन्छिन् । त्यो सुर्मा लगाउने व्यक्तिले अन्य सबैलाई देख्दछ, तर उसलाई कसैले पनि देख्न सक्तैन । त्यसलाई अन्धकारमा पनि सबै वस्तु स्पष्ट देखिन्छ ।

विकला यक्षिणी साधना मन्त्र :

**ॐ नमो विकले ऐं ह्रीं श्रीं स्वाहा ।**

*प्रयोग* - तीन महीनासम्म आफ्नू घरमै बसेर उपरोक्त मन्त्र एक लाख जप गरोस् र समाप्त भएपछि दश हजार मन्त्रले आँकको फूलमा घिउ तिल मिलाएर हवन गरे विकला यक्षिणी खुशी भएर दर्शन दिन्छिन् । अनि साधकको सबै मनोरथ पूर्ण पारिदिन्छन् ।

लक्ष्मी यक्षिणी साधना मन्त्र :

**ॐ श्री लक्ष्मी कमला वारिणी स्वाहा ।**

*प्रयोग* - यो मन्त्र आफ्नू घरमै बसेर एक लाख जप गर्नू र उल्लूको प्वाँखको धूप दिनू । त्यसपछि एक हजार मन्त्रले आँकको पात र गाईको घिउको हवन गरे यक्षिणी खुशी भएर साधकलाई दिव्य रसायन र ऐश्वर्य दिन्छिन् । रसायनले जति मन लाग्दछ उति सुन साधकले बनाउन सक्तछ ।

मानिनी यक्षिसी साधना मन्त्र :

**ॐ ऐं मानिनी एहि सिसुन्द्री हंस-हंस स्वाहा ।**

*प्रयोग*- ब्रह्ममुहूर्तमा कुनै चौबाटोमा बसेर एक लाख यो मन्त्र जपी गुलाबको फूलमा घिउ र तिल मिलाएर दश हजार मन्त्रले हवन गरे

यक्षिणी प्रसन्न भएर दिव्य खुँडा (शस्त्र) दिन्छिन् । त्यसको प्रभावले साधक राजा बन्न सक्तछ ।

**सुलोचना यक्षिणी साधना मन्त्र :**

**ॐ क्लीं सुलोचने द्वि देवी स्वाहा ।**

*प्रयोग* - सायंकाल कुनै नदी-तटमा गएर तीन महीनामा तीन लाख जप समाप्त पार्नू र पछि तीस हजार मन्त्रले घिउको आहुति दियो भने सुलोचना यक्षिणी खुशी भएर खराउ दिन्छिन् - त्यस खराउमा टेकेर साधक हजार कोशको यात्रा एक क्षणमै गर्न सक्तछ र त्यसमा कुनै शङ्कालाई स्थान छैन । जतिसुकै कठिन स्थान भए पनि तत्काल पुग्न सक्तछ । यो साधना गर्दा वैशाख मासको स्वाती नक्षत्रदेखि नियमपूर्वक अर्थात् पवित्र र ब्रह्मचर्य पालन, हविष्य भोजन गर्नुपर्दछ ।

**विलासिनी यक्षिणी साधना मन्त्र :**

**ॐ ह्रीं दुरयक्षिणी विलासिनी आगच्छ आगच्छ ह्रीं पिय भव स्वाहा ।**

*प्रयोग*- कुनै नदीको तटमा बसेर यो मन्त्र दुई सातामा पचास हजार जपोस्, अनि गुग्गुल र घिउ मिलाएर पाँच हजार आहुति मन्त्र पढ्दै दिए यक्षिणी त्यस साधकको वशमा पर्दछिन् र जे माँगे पनि पूर्ण पारिदिन्छिन् ।

**सुर-सुन्दरी यक्षिणी साधना मन्त्र :**

**ॐ ह्रीं आगच्छ सुर-सुन्दरी स्वाहा ।**

*प्रयोग*- यस मन्त्रको बारम्बार विधिपूर्वक जप गर्नुपर्दछ । सायंकालमा एकेक हजार मन्त्रको जप प्रतिदिन तीन महीनासम्म गरेर श्री शिवजीको मूर्ति नगीच बसेर घिउ एवं गुग्गुल मिलाएर दश हजार

हवन गर्नू । यो साधना गरेको तीन महीनामा यक्षिणी खुशी भएर दर्शन दिन्छिन् । त्यही अवसरमा हात जोरेर भन्नू - 'मलाई दरिद्रताले दुःख दिएको छ, तिमी मलाई यस कष्टबाट मुक्त तुल्याऊ ।'

*नटी यक्षिणी साधना मन्त्र :*

**ॐ ह्रीं नटी महानटी स्वरूपवती स्वहा ।**

*प्रयोग*- कार्तिक पूर्णिमाको दिन शीशमको वृक्षमनि बसेर एउटा सुन्दर चन्दनको मण्डल तयार पारेर एउटा मूर्ति नटी यक्षिणीको बनाई त्यही मण्डपमा बसाल्नू । त्यही मूर्तिको सामुन्ने बसेर धूप-दीप आदिले पूजा गरेर प्रतिदिन एक हजार उपरोक्त मन्त्र जप गर्नू र राति पनि फेरि पूजा गर्नू । त्यसपछि खान-पान सकेर आधारातमा फेरि उहीं पुगी क्रिया सम्पन्न गरेदेखि यक्षिणी खुशी भई एउटा रस र सुरमा (अञ्जन) दिन्छिन् । त्यो सुरमाले समस्त रोग निको पार्दछ ।

*कामेश्वरी यक्षिणी साधना मन्त्र :*

**ॐ ह्रीं आगच्छ आगच्छ कामेश्वरी स्वाहा ।**

*प्रयोग* - बिहान पवित्र भई शुद्ध आसनमा बसेर एक हजार प्रतिदिन तथा रात्रिमा पनि त्यही क्रमले जप गर्नू । यो क्रम तीन महीनासम्म नटुटाई गर्नुपर्दछ । अनि चन्दन, अक्षता, धूप-दीप आदि सामग्रीले पूजा गरे कामेश्वरी यक्षिणी खुशी भएर रसायन दिन्छिन् । यो साधना कार्तिक पूर्णिमादेखि आरम्भ गर्नुपर्दछ ।

*स्वर्णरेखा यक्षिणी साधना मन्त्र :*

**ॐ वर कर शालमले स्वर्णरेखा स्वाहा ।**

*प्रयोग*- सायंकालमा महादेवको मूर्ति सामुन्ने राखेर पञ्चो-पचार वा षोडशोपचारले पूजन गर्नू । त्यसपछि एकछाक हविष्य

भोजन गर्नू । यो क्रम छः महीनासम्म गर्न सके यक्षिणी प्रसन्न भएर दर्शन दिन्छिन् र मनोकामना पूर्ण पार्दछिन् ।

*सुलक्षणा यक्षिणी साधना मन्त्र :*

| ॐ श्री प्रमाद प्रीदय स्वाहा । |
|---|

*प्रयोग*- रात्रिको समयमा यस मन्त्रको जप प्रतिदिन एक हजार तीन महीनासम्म गर्न सके यक्षिणी प्रसन्न हुन्छिन् । यो साधना कुनै पनि तिथिबाट आरम्भ गरे पनि हुन्छ । यसमा बाधा छैन । हविष्य एकछाक भोजन, भूमि-शयन, ब्रह्मचर्य पालन गर्नैपर्दछ । अनि मनमा जे इच्छा छ माँग्नु त यक्षिणीले दिन्छिन् ।

*अनुराग यक्षिणी साधना मन्त्र :*

| ॐ अनुराग यक्षिणी ह्रीं क्लीं स्वाहा । |
|---|

*प्रयोग* - रातो वस्त्र पहिरेकी यक्षिणीको सेतो मूर्ति बनाउनू । मूर्तिको एकेक हातमा कमलपुष्प र आभूषण रहोस् अर्थात् वस्त्रालंकारले युक्त ती मूर्तिको चन्दन, अक्षता, धूप-दीप आदिले पूजा गर्नू र एक महीनासम्म प्रतिदिन एक हजार जप गर्नू । साधना पूर्ण भएपछि यक्षिणी आएर आधारातमा दर्शन दिई साधकको इच्छा पूर्ण पार्दछिन् र त्यसलाई केही अलभ्य मुद्रा पनि दिन्छिन् । अनि भूमिमा गाडिएको धन देखिने सुर्मा (आँजन) पनि दिनेछन् ।

*मनोहर यक्षिणी साधना मन्त्र :*

| ॐ मनोहरा सर्वकामदात्री स्वाहा । |
|---|

*प्रयोग*- यस मन्त्रको जप कुनै नदी-किनारमा बसेर सात दिनमा दश हजार मन्त्र जपी एक हजार मन्त्रले घिउको हवन गरे यक्षिणी खुशी भएर प्रशस्त धन दिन्छिन् । साधकले त्यो धन खर्च गरेर छिटै समाप्त पारिदिनू । राख्ने इच्छा नगर्नू । सकिनासाथ फेरि धन प्राप्त हुनेछ ।

पद्मिनी यक्षिणी साधना मन्त्र :

**ॐ ह्रीं पद्मिनी यक्षिणी स्वाहा ।**

*प्रयोग* - प्रातः कालमा स्नान गरेर पहिले एउटा चन्दनको चारपाटे मण्डल तयार पारेर त्यसमा पद्मिनी यक्षिणीको मूर्ति स्त्रीको आकारको बनाएर त्यसको पूजा र ध्यान राम्ररी गरी सोमवारदेखि आरम्भ गरेर एक महीनासम्म प्रतिदिन एक हजार जप गर्नाले यक्षिणी प्रकट भएर रसायन दिन्छिन् । त्यसले साधकको इच्छा पूर्ण हुन्छ ।

चित्रिणी साधना मन्त्र :

**ॐ ह्रीं क्लीं चित्रिणी स्वाहा ।**

*प्रयोग* - आँपको वृक्षमनि बसेर तीन महीनासम्म प्रतिदिन एक हजार मन्त्र जपेपछि यक्षिणी प्रकट भएर धन दिइन् भने त्यो धन कुनै राम्रो काममा खर्च गरिदनू, नभए केही सुख हुनेछैन ।

पद्मकेशी यक्षिणी साधना मन्त्र :

**ॐ पद्मकेशी कनकवती स्वाहा ।**

*प्रयोग* - यो मन्त्र अनुरागिनी यक्षिणीको झैं पूजा र जप गरे साधकले छिटै सफलता पाउनेछ ।

महायक्षिणी साधना मन्त्र :

**ॐ ह्रीं महायक्षिणी भामिनी प्रिय स्वाहा ।**

*प्रयोग* - यसको प्रयोग रविवार वा सोमवार थाले पनि हुन्छ । प्रथम तीन दिनसम्म व्रत बस्नू र चन्दन, अक्षता, धूप-दीप इत्यादिले देवीको पूजा गर्नू र चन्द्रग्रहणको आरम्भबाट अन्त्यसम्म मन्त्रको जप गर्दै रहनू । पछि उद्यापन गर्दा यक्षणी प्रकट भएर इच्छित वरदान दिन्छिन् ।

कालिका यक्षिणी साधना मन्त्र :

**ॐ कालिकादेवी ह्रीं स्वाहा ।**

*प्रयोग*- गाई बाँध्ने गौशालामा गएर पवित्र भई शुद्ध आसनमा बसेर यो मन्त्र पन्ध्र दिनमा दुई लाख जपिसक्नू र बीस हजार मन्त्रले घिउको हवन गरेदेखि यक्षिणी प्रसन्न भएर मनोकामना पूर्ण पारिदिन्छिन् । यो साधना गर्दा मंगलवार आरम्भ गर्नुपर्दछ । नियम चाहिँ हविष्य एकछाक खानू, भूमिशयन र ब्रह्मचर्य पालन आवश्यक छ ।

❁ ❁ ❁

# स्तम्भन प्रयोग

यो स्तम्भन प्रयोग अलि साहसी व्यक्ति वा नडराउने मानिसले मात्र गर्न सक्तछन् । अतः यसको विषयमा अब शास्त्रोक्त प्रयोग लेखिन्छ ।

सर्व स्तम्भन मन्त्र :

**ॐ वं वं वं हं हं घ्रां ठः ठः स्वाहा ।**

*प्रयोग* - यो मन्त्र पीपलको वृक्षमनि बसेर एक हजार जप गरे सिद्ध हुन्छ । अनि रविवार वा मंगलवार अपामार्गको बीज एक्काईस-पल्ट यो मन्त्र ले मन्त्रेर जुन व्यक्तिमाथि छरिदियो त्यो स्तम्भित हुनेछ ।

अग्नि स्तम्भन मन्त्र :

**ॐ ह्रीं महिष-मर्दिनी लह कठ कठ स्तम्भन अग्नि स्वाहा ।**

*प्रयोग* - यस मन्त्रलाई शुद्धासनमा बसेर एक हजार एकै दिनमा जपे सिद्ध हुन्छ । अनि खयर (कत्था) को काठ एक सय आठ यो मन्त्र पढेर अग्निमा हालिदिए शरीर पोल्दैन । अग्नि स्तम्भन हुन्छ ।

अर्को विधि र मन्त्र :

ॐ नमो कोरा कारावायल सो भरिवाले गौराके गिरधरिया । ईश्वर डाले गौरा नहाय, जलती अग्नि शीतल हो जाय ।

*प्रयोग* - माटाको नयाँ पालामा सातपल्ट जल भर्दै सातपल्ट यो मन्त्र पढेर छर्किदिए जहाँसम्म छिटा जान्छ, आगो लाग्न सक्तैन ।

१. कतै गाउँमा आगो लाग्यो भने इनारबाट एक लोहोटा पानी ल्याएर यो मन्त्रले ठिंग उभिई बल्दो अग्नितिर हेरी प्रार्थना गरेर शिर झुकाउनू, अनि श्वास भित्र तानेको वेला त्यो जल पियो भने अग्नि स्वतः शान्त हुन्छ ।

२. बल्दो अग्निमा अश्वको कूट, बेतको जरो हालिदियो भने अग्निले लुगा ढडाउँदैन ।

३. जेठीमधु र भृङ्गिराज (भाँगरा) को रस हातमा दलेर आगो हातमा उठाए पनि पोल्दैन ।

४. नौसादर र कपूर हातमा दलेर आगोको फिलुंगो उठाए पनि पोल्दैन ।

५. पीपलको जरो र गो-मूत्र सम-भाग लिएर मुखमा राखी आगो मुखमा लिए पनि पोल्दैन ।

जल स्तम्भन विधि र त्यसको मन्त्र :

ॐ नमो भगवते रुद्राय जल स्तम्भय-स्तम्भय ठः ठः स्वाहा ।

*प्रयोग* - कमल-पुष्पको मसिनो धूलो पारी सातपल्ट यो मन्त्र पढेर जलमा हालिदिए जल स्तम्भित हुन्छ । एक हजार जपी मन्त्र सिद्ध पार्नु आवश्यक छ ।

*अर्को प्रयोग र मन्त्र :*

**ॐ अस्फोटयति धारा उलमलूख क्रां क्रां क्रां स्वाहा ।**

*प्रयोग-* रविवार वा मंगलवार खटकुली पक्षीको प्वाँख ल्याएर एक्काईसपल्ट यो मन्त्र पढी काखीमा थिचेर जलमा उभियो भने जल स्तम्भित हुन्छ ।

*अर्को प्रयोग र मन्त्र :*

**ॐ थं थं थं थाहि थाहि ।**

*प्रयोग-* लाटोकोसेरो पक्षीको प्वाँख यो मन्त्र पढ्दै जलमा डुबाइदियो भने जल स्तम्भित हुन्छ ।

*बुद्धि स्तम्भन पार्ने मन्त्र :*

**ॐ नमो भगवते मम शत्रु बुद्धि स्तम्भय कुरु-कुरु स्वाहा ।**

*प्रयोग-* उल्लूको विष्ठा छायामा सुकाएर पानमा अलिकति हाली खान दियो भने त्यसको बुद्धि नष्ट-भ्रष्ट भएर बौलाहा पनि हुन सक्तछ ।

*मनुष्य स्तम्भन विधि :*

*प्रयोग-* रजस्वला भएको वस्त्रमा गोरोचन र मजीठ पोको पारी दिए स्त्री वा पुरुष तत्काल टक्क अडिन्छन् ।

*अर्को प्रयोग-* शनिवारको दिन केशर, खुट्टामा लगाउने रंग (महावर) र गोरोचनको मसी बनाई भोजपत्रमा शत्रुको नाम लेखेर उसकै घरमा फालिदिए स्तम्भन हुन्छ र वशमा पर्दछ।

### जिह्वा स्तम्भन विधि र त्यसको मन्त्र :

**ॐअफल सफल फल दुश्मनको मुख कुफल मेरो हाथ कुन्जी रुपया तो दुश्मनको शर कर ।**

*प्रयोग*- रविवार सातपल्ट फूल र बतासा जम्मा गरी एक हजार यो मन्त्रले हवन गरेर सिद्ध पारी दशपल्ट यो मन्त्र पढेर हाकिमको सामुन्ने गएर शत्रुतिर तीनपल्ट फुकिदिए बोल्न सक्तैन । अड्डामा अर्जी दिएको भए दशपल्ट फुकिदिए मनोरथ पूर्ण हुनेछ ।

### शत्रु-मुख स्तम्भन विधि र त्यसको मन्त्र :

**ॐ ह्रीं श्रीं खेलन वीर चौंसट्ठी योगिनी अमुकको मुख बन्धन कुरु कुरु स्वाहा ।**

*प्रयोग*- श्मशानमा बसी एक हजारपल्ट मन्त्र पढ्दै मदिरा (रक्सी मह र घिउको आहुति दिनू र चार अंगुलको फलामे कीलालाई सयपल्ट यो मन्त्र पढ्दै आहुति दिनू र त्यो चार अंगुलको फलामे कीलालाई सयपल्ट यो मन्त्र पढी श्मशानमै गाडिदिए शत्रुको मुख स्तम्भन हुन्छ ।

### अर्को प्रयोग र मन्त्र :

**ॐ ह्रीं रक्ष चामुण्डे कुरु अमुक स्वाहा ।**

*प्रयोग*- पहिले एक लाख जपेर मन्त्र सिद्ध पार्नू अनि पलाशको जरो र रातो फूलमा बेरेर तीनपल्ट यो मन्त्र पढी शत्रुको सम्मुख गयो भने शत्रु स्तम्भित हुनेछ । अथवा सेतो गुञ्जा (रातीगेडी) लाई सातपल्ट यो मन्त्र पढेर मुखमा राख्नासाथ त्यस साधकलाई हेर्ने दर्शक सबैको मुख स्तम्भन हुन्छ ।

## निद्रास्तम्भन विधि :

१. हरियाली पक्षीको बीट दोभिन घोडाको लोटमा पिसेर अंजन लगायो भने निद्रा लाग्दैन ।
२. ककरी र महुआको जरो पिसेर सुँघ्नाले निद्रा हराउँछ ।
३. नून, खुर्सानी र मरिच, सुठो पिसेर सात दिन, आँजन लगाए निद्राले दु:ख दिन सक्तैन ।
४. सोमवारको दिन रातो अपामार्गको जरो निम्ता दिएर ल्याई कम्मरमा बाँध्यो भने निद्रा स्तम्भन हुन्छ ।
५. पुष्य नक्षत्रमा काँक्रोको जरा नांगो भएर ल्याई पीपला, सुठो, मरीच गाईको दूधमा पिसेर गोली बनाई छायामा सुकाएर एक गोली मुखमा राख्नाले वीर्य स्तम्भन हुन्छ ।
६. घुग्घुको जिभ्रो एक रत्ती गोरोचनसित पिसेर तामाको जन्तरमा हाली त्यो जन्तर मुखमा राखेर काम-क्रीडामा लागे अवश्य वीर्य स्तम्भ हुन्छ ।
७. शनिवार आँकको बृक्षलाई निम्ता दिनू, रविवार त्यसको फल टिपेर ल्याई रुओ झिकेर बत्ती बनाई अडीरको तेलमा बत्ती बाले त्यो बत्ती बलिरहन्छ अर्थात् स्तम्भित हुन्छ । यो सिद्ध प्रयोग हो ।

## शस्त्र स्तम्भन विधि :

१. चमेलीको जरो मुखमा राख्नाले शस्त्रको चोट लाग्दैन ।
२. सुदर्शनको जरो पाखुरामा बाँध्नाले अथवा पिसेर शरीरमा लेप लगाए संग्राममा शस्त्रको चोट लाग्दैन ।
३. पुष्य नक्षत्रमा सेतो सरस्यूँको जरो उत्तर फर्केर ल्याई कपालमा राखेर युद्धमा गयो भने मुखले नबोलेसम्म घाउ लाग्न सक्तैन ।
४. पुष्य नक्षत्रमा विष्णुक्रान्ताको जरो शिरमा बाँधेर युद्धमा गए शत्रुहरूको संहार हुनेछ र सिंह, चोर आदिको भय स्तम्भित हुनेछ ।

**पशु स्तम्भन विधि :**

१. ऊँटको हाडको चार कीला बनाएर गोठको चारै दिशामा गाडिदिए पशु निस्कन सक्तैन ।
२. ऊँटको रौं जुन पशुमा छरिदियो, त्यो जहाँको तहीँ उभिइरहनेछ ।
३. कुखुराको टाउकोमा तेल लगाइदिए त्यसले कराउन सक्तैन ।
४. गदहाको पुछरमा (गुदद्वारमा) घिउ र तेल मिलाएर लगाइदिए त्यसले कराउन सक्तैन ।

❀ ❀ ❀

# मारण प्रयोग

यो मारण प्रयोग कलियुगमा वर्जित गरिएको छ तापनि कतिपय आचार्यहरूको मतमा मारण प्रयोग अनावश्यकता वा व्यर्थमा कसै-माथि पनि प्रयोग नगर्नू । यदि प्राण-संकट आइलाग्यो र अन्य कुनै उपाय रहेन भने मात्र यसको प्रयोग गर्नुपर्दछ । विधि नपुगेको अथवा मूढेबल वा मूर्खले गरेको प्रयोगले साधकलाई नै समाप्त पारिदिन्छ ।

जो ब्रह्मज्ञानी छ र सारा संसार ब्रह्ममय देख्दछ भने त्यसले अत्यावश्यक कार्यवश मारण प्रयोग गर्दछ भने त्यसलाई अनुचित गरेको भन्न सकिन्न । यसको विपरीत जो मारण प्रयोग गर्दछ त्यो स्वयं त्यस पापको भागी हुन्छ । अतः आफ्नू आत्मरक्षा गर्ने व्यक्तिले मारण प्रयोग कहिल्यै नगरी नहुने स्थिति आइपरेमा यस विधि-अनुसार प्रयोग गर्नुपर्दछ, तर योग्य गुरु राख्नु आवश्यक छ ।

*प्रयोग* - चिताको भस्म र धतूरोको चूर्ण परस्पर मिलाएर मंगलवारको दिन जसको शरीरमा फ्याँकिदियो, त्यो व्यक्ति तत्काल यमपुरीमा जानेछ अर्थात् त्यसै दिन त्यसको मृत्यु अवश्य हुनेछ ।

*अर्को प्रयोग*- भलायोको तेल, कालो सर्पको दाँत र विष

शत्रुको शरीरमा फ्याँकिदिए त्यसको छिटै नै मृत्यु हुनेछ ।

*अर्को प्रयोग-* मनुष्यको हाडको धूलो पानमा अलिकति हालेर खान दिए त्यो व्यक्तिको अवश्य मृत्यु हुनेछ ।

*अर्को प्रयोग-* मंगलवार भरणी नक्षत्र परेको दिन चिताको काठ ल्याएर कसैको घरको मूल ढोकामा गाडिदियो भने त्यस व्यक्तिको एक महीनाभित्रमै अवश्य मृत्यु हुनेछ ।

*अर्को प्रयोग-* कालो सर्पको बोसो र धतूरोको बीजबाट झिकेको तेल एकै पात्रमा मिलाएर, रात्रिमा त्यही तेल मानिसको खप्परमा बत्ती बालेर गाजल तयार पारोस् । अनि त्यसैमा चिताको खरानी र पाँचै थरीका नून मिलाएर जुन व्यक्तिको शरीरमा छर्किदियो त्यो पुरुष तत्काल यमराजको नगरमा जानेछ । यसमा शंका छैन किनकि यो सिद्ध प्रयोग हो ।

*अर्को प्रयोग-* उल्लू पक्षीको मासु र बिच्छीको धूलो परस्पर मिलाई जुन मनुष्यको शरीरमा फ्याँकिन्छ, त्यसको मृत्यु अवश्य हुनेछ ।

*अर्को प्रयोग-* चिताको खरानी र विलोम पद्धतिले यदि मंगलवारको दिन पञ्चदशी यन्त्र लेखेर श्मशानको आगोमा हालिदिने हो भने शत्रुको शीघ्र मृत्यु अवश्यम्भावी छ ।

*अर्को प्रयोग-* उल्लू पक्षीको बीट छायामा सुकाएर धूलो पारी त्यसैमा विषको धूलो मिलाएर जुन व्यक्तिको शरीरमा छर्किदियो, त्यो व्यक्ति शीघ्र यमराजको नगरमा पुग्दछ अर्थात् छिटै नै त्यसको मृत्यु हुनेछ ।

*अर्को प्रयोग-* गधाको लिदीमा विष मिलाएर जुन मनुष्यको शरीरमा छर्किदियो, त्यो शत्रु-मित्र जो भए पनि चाँडै नै मृत्युमा प्राप्त हुनेछ ।

*अर्को प्रयोग-* शत्रुको खुट्टामुनिको माटो लिएर त्यसमा चिताको खरानी र मध्यमा औँलाको रगत मिसाएर त्यसको एउटा पुतली बनाउनू । अनि त्यस पुतलीलाई कालो रंगको वस्त्रमा लपेटी माथिबाट कालो डोराले बाँधिदिनू । त्यसपछि मूर्तिलाई कुशको आसनमा उत्तानो सुताएर बत्ती बालिदिनू । तल कहिएको मन्त्र जप्न

थाल्नू । त्यसपछि एक सय आठ कालो मासको दाना लिएर फेरि एक सय आठ मन्त्र पढ्नू । अनि अभिमन्त्रित सबै मास त्यही माटोको मूर्तिको मुखमा कोचिदिनू । यस प्रयोगलाई आधारातमा गर्नाले इन्द्र समान शत्रु भए पनि अवश्य मारिन्छ । रात्रिमा यो प्रयोग गरेर बिहान त्यो पुतलीलाई श्मशानमा लगेर गाडिदिनु-पर्दछ । यो प्रयोग निरन्तर एक महीनासम्म गरे सफल हुन्छ । यसले शत्रु रोगाएर अवश्य एक महीनाभित्रमै मर्नेछ ।

**अर्को प्रयोग र त्यसको मन्त्र :**

| ॐ हुं हुं फट् स्वाहा । |
|---|

*प्रयोग-* यो मन्त्र एक हजार जपेर सिद्ध पार्नू । अनि फलामको एउटा कीला एक सय आठपल्ट मन्त्रेर शत्रुको घरमा गाडिदिनू त शत्रुको नाश हुन्छ ।

*अर्को प्रयोग-* शत्रु जुन घरमा सुत्तछ, त्यही घरमा आर्द्रा नक्षत्रमा नीमको जरा गाडिदिनाले शत्रु मरणोन्मुख हुन्छ । अनि खनेर त्यो जरो झिकिदियो भने पहिले जस्तै सुखी हुनेछ ।

*अर्को प्रयोग-* माथि बताएकै विधि अनुसार शिरीषको जरो शत्रुको घरमा गाडिदिनाले उसको सर्वनाश हुन्छ र मर्न पनि सम्भव छ ।

**अर्को प्रयोग र मन्त्र :**

| ॐ डं डां डिं डिं ढं ढौं डं दं अमुक गृहण-गृहण हुं हुं ठः ठः। |
|---|

*विधान-* यस मन्त्रलाई मानिसको हाडको कीलो लिएर त्यसलाई एक हजार यो मन्त्रले अभिमन्त्रत गरेर जसको नाम लिई श्मशानमा गाडिदियो, त्यो रोगाएर मृत्युमा पुग्दछ । यसै प्रकार माथि कहिए जस्तै मानिसको हाड़को कीलो एक हजारपल्ट यो मन्त्रले अभिमन्त्रित पारी घरमा अथवा जसको नामले आधारातमा श्मशानमा गाडिदियो

भने त्यो शत्रुको नाश भएर मर्दछ । यस मन्त्रको जप गर्दा जहाँ 'अमुक' शब्द छ, त्यहाँ शत्रुको नाम लिनुपर्दछ ।

*अर्को प्रयोग*- मन्त्र माथि लेखिएकै जपे हुन्छ । यसमा नीमको चार अंगुलको काठ लिएर त्यसमा शत्रुको रौँ लपेटी त्यसैमा शत्रुको नाम लेख्नू । अनि सावधानीपूर्वक त्यस नामलाई चिताको आगोमा धूप दिनू । यसै क्रमले तीन वा सात रात्रिमा जसको नाममा यो प्रयोग गरिन्छ उसैलाई दिँदै रहनू । साधकले यो प्रयोग कृष्णपक्षको अष्टमीबाट आरम्भ गरेर चतुर्दशीसम्ममा समाप्त पार्नु आवश्यक छ । फेरि प्रतिदिन उपरोक्त मन्त्रको एक सय आठ जप गर्न नछाड्नू ।

*अर्को प्रयोग र त्यसको मन्त्र :*

**ॐ नमो भगवते भूताधिपते विश्वारूपाय घोरदंष्ट्रिने विकरालेन । ब्रह्मक्षभू शंकर अमुकं दह दह पच गृहण ॐ फः ठः ठः ।**

*विधान*- यस प्रयोगमा उपरोक्त मन्त्र दश हजार मध्यरात्रिमा कुनै श्मशान वा बरको बृक्षमनि बसेर जप गरी पहिले सिद्ध पार्नुपर्दछ । अनि 'अमुक' शब्द प्रयोग गरेको स्थानमा जसको नाममा गरेको छ, उसैको नाम राख्नुपर्दछ । सात दिनमै यो प्रयोगको प्रभावले शत्रुको नाश हुन सक्छ ।

*अर्को प्रयोग र उसको मन्त्र :*

**ॐ ह्रीं फट् स्वाहा ।**

*प्रयोग*- यो मन्त्र एक लाख जपेर सिद्ध पार्नू । अनि अश्लेषा नक्षत्रमा एक अंगुलको सर्पको हाड शत्रुको घरमा खाल्डो खनेर गाडिदिनू र माथि लेखिएको मन्त्र जप गर्दै रहनू । यसले एक सातामै शत्रुको सर्वनाश भएर यमलोक जानेछ ।

*अर्को प्रयोग*- यसमा पनि मन्त्र माथि लेखिएकै जप गर्नुपर्दछ । अनि अश्विनी नक्षत्रमा घोडाको अस्थि (हाड) को चार अंगुलको कीला उपरोक्त मन्त्र एक सय आठ पढेर अभिमन्त्रित पारी शत्रुको घरमा गाडिदिए शत्रुको सारा वंश नै समाप्त भएर जानेछ ।

*अर्को प्रयोग र त्यसको मन्त्र :*

**ॐ नमो भगवते महाकाल भैरवाय प्रीतये 'अमुक' शत्रु मारय मारय दह दह पच पच हुं फट् स्वाहा ।**

*प्रयोग*- प्रथम आधारातमा एकान्त स्थानमा यस मन्त्रको दश हजार जप गरे एक्काईस दिनमा सिद्ध हुन्छ । अनि रविवार वा मङ्गलवारको दिन शत्रुका पाउमुनिको माटो ल्याएर गोमूत्रमा भिजाई शत्रुको नामले त्यस माटोको एउटा मूर्ति बनाउनू । अनि कुनै नदीको किनार अथवा शान्त स्थानमा वेदी बनाएर त्यो मूर्ति स्थापित गरी त्यसको छातीमा एउटा फलामे त्रिशूल गाडिदिनू । अनि मूर्तिको वामभागमा भैरवको मूर्ति थापेर प्रतिदिन त्यसको पूजा र कूष्माण्ड बलिदान गर्नू । यो प्रयोग गरेको स्थानमा एघार ब्रह्मचारी ब्राह्मणलाई उत्तम भोजन गराउनू र भैरवको मूर्तिनिर दिन-रात तोरीको तेलको बत्ती बालिराख्नू । तिनै भैरवको दाहिनेतिर व्याघ्र-चर्मको आसन गरी दक्षिणातिर फर्केर त्यसैमा बसी जितेन्द्रिय भएर मन्त्र-जपको साधना पूर्ण पार्नुपर्दछ । यस मन्त्रमा जहाँ अमुक भनिएको छ, त्यहाँ शत्रुको नाम लिनुपर्दछ ।

# शान्ति-पुष्टि मन्त्र

*शरीर रक्षा मन्त्र :*

ॐ नमो परब्रह्म परमात्मने मम शरीरं रक्ष-रक्ष पाहि-पाहि कुरु कुरु स्वाहा ।

*प्रयोग-* यो मन्त्रलाई रविवार वा मंगलवार एक हजार जपेर सिद्ध पार्नू अनि साधनाको समयमा पहिले शरीर रक्षा गरे विघ्न पर्दैन ।

*अर्को मन्त्र :*

ॐ नमो कामरूप कामाख्या देवी कहाँ जानेका हुआ मेरा मन आत्मरक्षावान होऊँ, सावधान शिर हाथ दहन्त और बन्धन गर्दन पेट पीठ बन्धन- चरण अष्टांग बाँधूँ मनसाके वरदान करो कामाख्या वर होऊ अमर आदेश हाडी दास चण्डीकी दुहाई ।

*प्रयोग-* यो मन्त्र पहिले रविवार वा मंगलवार एक हजार जपी सिद्ध पार्नू र चाहिएको मौकामा तीनपल्ट पढी जहाँ जाने वा जे गर्ने इच्छा छ गर्नू, यसमा सर्प, चोर, भालू, बाघ आदिको भय रहन्न ।

*दिग्बन्धन मन्त्र :*

ॐयदि सार सार जिन्ददेवपुरी नव कूर्म फार एक खाए दूजेको फार चहुँओर अगिया पसार मलायक अस चार दुहाई दस्तखे बरईके खेमी दाई दस्तदस्त हुसेन पीट खदे खेइल आमिल कलेजे राखे इज्राल दुहाई मुहम्मद अलीलाह इलाहीको कंगूर इलिल्लाहकी खाई हजरत पैगम्बर अलीको चौकी जस्त मुहम्मद रसूलिल्लाह की दुहाई ।

श्मशानमा अथवा कहीँ पनि यो मन्त्र जप्ने समयमा वा कतै जाने आउने बेलामा डर लाग्यो भने सातपल्ट पढेर चारैतिर ताली बजाएर धर्का तानिदिए कुनै कुराको डर-भय रहनेछैन ।

*भय-निवारण मन्त्र :*

**ॐ छाड पन्थ जीव-जन्तु आदि के अन्त सर्प, बिल्ली, बाघ, भालू हटै देत आदेश पिता धर्मकी दुहाई आज्ञा हाडी दासी चण्डीकी दुहाई । फुरो मन्त्र ईश्वरो वाचा ।**

यो मन्त्रलाई पहिले रवि-मंगलवार अथवा सूर्य चन्द्र ग्रहणमा एक हजार जपेर सिद्ध पारिराख्नू र मौकामा तीनपल्ट पढेर गमन गरे कुनै प्रकारको पनि डर-भय रहन्न ।

*अर्को मन्त्र :*

**मुई खप्पर हिले आसमान लटकाय थलले तीन लोक पृथ्वी जरिजाय । परमपिता परमेश्वर मैं बोलूँ इस बार तुम रक्षा करो, रक्षा करो हमारा । आदेश कामरू कामाख्या हाडी दासी चण्डीकी दुहाई ।**

यो मन्त्र एक हजार जपेर सिद्ध पारिराख्नू, मौकामा तीन-पटक पढेर थपरी बजाइदिए भूत-प्रेतादिको भय रहन्न ।

*आपत्ति निवारण मन्त्र :*

**ॐ इश्शे फरीद कमरिया निसी अँधियरिया आग-पानी पथरिया तीनों से तोही बचइया ।**

*प्रयोग*- शून्य मैदानमा जब असिना, आँधी, पानी पर्दछ त्यस वेला यो उपरोक्त सिद्ध त्यहीं एक हजार जपी पारिसकेको यो मन्त्र तीनपल्ट पढेर थपरी बजाइदियो भने त्यो आपत्तिबाट रक्षा हुन्छ ।

*भूत-प्रेत भय निवारण मन्त्र :*

**ॐफकीर चल परदेश कत्तल मनमें भाने बाँध बाँधूँ दाँत बँधाऊँ बाट देऊँ दोहाई लोना चमारिनकी ।**

*प्रयोग*- रवि-मंगलवार एकान्त स्थानमा उपरोक्त मन्त्र एक हजार जपेर सिद्ध पारिराख्नू । अनि बाटोमा केही देखियो वा भेटियो भने सातपल्ट मन्त्र पढेर फुकिदिए सबै बाधा हराएर जान्छ ।

*गृह-बन्धन मन्त्र :*

**ॐहाट चलते बाट बाँधूँ स्वर्ग में राजा इन्द्र बाँधूँ पातालमें वासुकी बाँधूँ शिकली बाण वचन तोडके मछली मारूँ फल टेगरा मछ फारी गाछ फुटे डात मारूँ फूल उठे तार लाईवन किये उत्तार आगे बाँधूँ पाछू आए पाछू बाँधूँ दायाँ-बायाँ बाधूँ ईश्वर महादेव बाँधूँ देव हिय घरमें सहदेव हम सोय रहेउ अकेला लोहेके जो कला पत्थर काटूँ बड़े पिता धर्मकी दुहाई फुरो मन्त्र ईश्वरो वाचा ।**

*प्रयोग*- यो मन्त्र पहिले एक सय आठपल्ट एकान्त स्थानमा बसेर जपी सिद्ध पार्नू र चौबाटोको एक मुठी धुलो लिएर सातपल्ट मन्त्र पढी घरको चारैतिर छरिदिए कुनै पनि बाधा विपत्ति बन्धन आदि आउन सक्तैन ।

### चोर-भय निवारण मन्त्र :

**ॐ करालिनी स्वाहा, ॐ कपालिनी स्वाहा, चोर वंश ठः ठः ठः ।**

*प्रयोग*- पहिले मन्त्र सिद्ध नपारी कुनै पनि प्रयोग गरेको सफल हुन सक्तैन । अतः प्रथम मध्यरात्रिमा एकान्तमा बसेर यो मन्त्र एक हजार जपी सिद्ध पार्नू अनि एक मूठी शुद्ध माटो लिएर सातपल्ट यो मन्त्र पढी घरको मूल ढोका र वरिपरि छरिदिए चोरको डर रहन्न ।

*अर्को प्रयोग*- शुक्लपक्षको पुष्य नक्षत्रका दिन सेतो गुञ्जाको जरो रवि-मंगल पारेर ल्याई सिरानमा राखे पनि चोर लाग्ने भय रहन्न ।

### धन सहित चोर ल्याउने मन्त्र :

**ॐ घ्रूँ मांजल हुंकार स्वटिका दहऊँ स्वाहा ।**

प्रयोग - रविवार वा मंगलवार कर्पटिक वृक्षको तल मृगचर्मको आसनमा बसेर गोधूलीको बेलामा उपरोक्त मन्त्र एक हजार जपी सिद्ध पारी सरस्यूँ र गुग्गुलको मन्त्र पढ्दै एक हजार हवन गरिदियो भने धन समेत लिएर चोर स्वयं आइपुग्दछ ।

### चोरको नाम जान्ने मन्त्र -

**ॐ नमो इन्द्राग्नि बन्धय स्वाहा ।**

*प्रयोग*- जति व्यक्तिहरूमा शंका छ, ती सबैको नाम शनिवार वा रविवारको दिन भोजपत्रमा लेखेर दशपल्ट यो मन्त्र पढी अग्निमा आहुति दिनू । अरू सबै डढे पनि चोरको नाम लेखेको भोजपत्र डढ्दैन।

*अर्को प्रयोग*- उपरोक्त मन्त्र सहित सबैको नाम लेखेको भोजपत्र सेतो भाले कुखुराको घाँटीमा बाँधेर एउटा ढक्कीमा छोपिदिनू र सबैलाई ढक्कीमाथि पालैसित हात राख भन्नू, जब चोरले हात राख्दछ तब कुखुरा कराउँछ ।

### चोरको मुखबाट रगत छद्दाउने मन्त्र :

ॐ नमो ह्रीं चक्रेश्वरी चक्रधारिणी चक्रवेगी कोटि भ्रामा चोर ग्राहिणी स्वाहा ।

*प्रयोग* - यो मन्त्र पहिले एकान्तमा एक हजार जपेर सिद्ध पारिराख्नू अनि मौकामा एक मूठी चामल हातमा लिएर एक्काईस-पटक मन्त्र पढी अलि-अलि शंका लागेका व्यक्तिलाई खान दिनू । त्यसै बेला चोरको मुखबाट रगत निस्केको देखिनेछ ।

### चोरको नाम जान्ने मन्त्र :

ॐ नमः किष्किन्धा गिरिमा कदली वन फल-फूल भरे कुंजदेवी अलग पालकी माघ बूढी चोर तेरे कुंजकी देवी तेरी आआ फुरो मन्त्र ईश्वरो वाचा ।

*प्रयोग*- शंका लागेका सबै व्यक्तिको नाम भोजपत्रमा लेखेर त्यो कागजलाई मुछेको पीठोको डल्लोभित्र एकेक जनाको कागज हाल्दै गिलासमा पानी हाल्नू । जसले चोरेको छ, त्यसको पीठोको डल्लो मास्तिर उत्रिन्छ, अरूको डुबिरहन्छ ।

### कटौरा चलाउने मन्त्र :

ॐ नमो विश्वनाथ बन्दूक हात लेई माटी तुलसी बीजके कटोरीपे सातो, यह मूसकी मिट्टी निज बल जाय तिसके बलते कटोरी आप चलाय चल कटोरा जहाँ चोर के तन धन विश्वनाथ बन्दी केकर गमन आदेश बढ़े ईश्वर पिता धर्मकी दुहाई आदेश श्रीसीतारामचन्द्र साईं ।

*प्रयोग* - प्रथम एक हजारपल्ट विधिपूर्वक मन्त्र जपेर सिद्ध पार्नू, अनि मौकामा साँझको बेला पारी एउटा काँसको कटौरामा मूसाको माटो भरी पारेर तुलसीको मठमा एक सय आठपल्ट मन्त्र

पढेर राख्नू । त्यो रातभरि त्यहीँ छाडिदिनू । फेरि बिहान बाह्र वर्ष जतिको बालकको हातमा त्यही कटौरा राखिदिनू र माथिबाट मूसाको दुलोबाट झिकेको माटो र सरस्यूँले मन्त्र पढ्दै कटौरामा हान्यो भने धन समेत चोरलाई लिएर कटौरा आउनेछ ।

*अन्न पचाउने मन्त्र :*

अगस्त्यं कुम्भकर्णं च शनिं च वडवानलम् ।
आहार-परिपाकाय स्मरामि च वृकोदरम् ।।

*प्रयोग* - भोजन गरिसकेपछि यो मन्त्र पढ्दै पेट मुसार्दै गरे अपच वा अजीर्ण हुन सक्तैन अर्थात् आहर पाक हुन्छ ।

*अंग-पीडा निवारण मन्त्र :*

ॐ नमो खँरारी खोखारा कता गया सवा लाख परवती गया । सवालाख परवता जाय क्या करेगा, सवा भार कोइला करेगा, सवा भार कोइला कर क्या गरेगा ? हनुमन्त वीरका चन्द्रहास गढ़ेगा, चन्द्रहास खड्ग गढ़िकर क्या करेगा ? यह रूप सूली बाई काट-कूल नोना समुद्र में फेंकेगा । गुरुकी शक्ति, मेरी भक्ति फुरो मन्त्र ईश्वरो वाचा ।

उपरोक्त मन्त्र रोजै एक हजार एकान्त स्थानमा बसेर सात दिनमा जपी सिद्ध पार्नू र प्रयोग गर्ने बेलामा तिलको तेलमा कुश र दूबोले मन्त्र पढी तीनपल्ट फुकिदिनू । अनि त्यही तेलको मालिश गरे शरीर दुखेको तत्काल आराम हुन्छ ।।

।। समाप्त ।।

***